नियम/दर्ता नं. २१

# छथर जोरपाटी गाउँपालिका

# "स्थानिय तह कृषि तथा पशुपंन्छि मत्स्यप्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५"

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।१२।०४

छथर जोरपाटी गाउँपालिका

धनकुटा

# “स्थानिय तह कृषि तथा पशुपंन्छि मत्स्यप्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५”

छथरजोरपाटी गाउँपालिका

## गाउँकार्यापालिकाको कार्यालय

कृषि तथा पशुपंन्छि मत्स्य विकाश शाखा

छथरजोरपाटी, धनकुटा

**पृष्ठभूमि :**

देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरूको अनुभव तथा आधुनिक कृषिप्रविधिहरूको सदुपयोगबाट दीगो आर्थिक बृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिनेसम्भावना विद्यमानरहेको छ। कृषि भूमिको अनुपयुक्त प्रयोग एवं विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको ह्रास हुँदैजानु, पशु पालन तथा कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिकप्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रुपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रकोविकासको आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (प्रशोधन उद्योग, सिंचाई, कृषि सडक, बिजुली, संचार, र उत्पादित वस्तुको बजारीकरण तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नुकृषि क्षेत्रको विकासकोमूल समस्याका रुपमा रहेका छन्।कृषि क्षेत्रको समग्र विकासका लागि ल्याइएका कृषि विकासको नीतिगत रुपरेखा २०४८ तथादीर्घकालीन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशाबोध गराएको छ। तथापि आर्थिकउदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागिदिगो विकासको एजेण्डा एवं सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाकामूलभूत पक्षलाई कायम राखी नयाँ राष्ट्रिय कृषि नीति तर्जुमा गरी लागुगर्न आवश्यक देखिएन आएकोले नेपालसरकार (तत्कालिन श्री ५ को सरकार) ले राष्ट्रिय कृषि नीति २०६१ जारी गरी सोहि वमोजिमको कार्यक्रमहरु संचालन एंव संम्पादन गरी आएको वर्तमान अवस्थामा सहश्राद्वी कृषि क्षेत्रको विकाशका लक्षहरु प्राप्त गर्न हाम्रो पनि जिम्मेवारी र कर्तव्य भएको हुदा यस क्षेत्रमा तर्जुमाभएका र नयाँ तर्जुमा हुने वस्तुगत तथा विषयगत प्रसार कार्यक्रमहरु यसै अनुसार संचालन सम्पादन गर्न समग्र कृषि क्षेत्रको प्रकृयागत रुपमा अझ वडी प्रभावकारी आर्थिक पारदर्शिता, एकरुपता एवं समन्वयात्मक तवरले संचालन गर्न गराउन आवस्यक भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३,को अधिकारलाई प्रयोग गरी छथरजोपाटी गाउँपालिका स्तरीय “**स्थानिय तह कृषि तथा पशुपंन्छि मत्स्य प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५**” जारी गरिएको छ।

### खण्ड (क)
### नितिगत व्यवस्था

**दृष्टिकोण :**

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दीगो पशुपंन्छि मत्स्य तथा कृषि क्षेत्रको विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनुकृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहनेछ।

**उद्देश्यहरू :**

व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्यसुरक्षा तथा न्यूनतम् मापदण्डको खाद्यन्न परिपुर्ति गरी गरीबी निवारणमा योगदान गर्ने।

१. कृषि जन्य उत्पादन तथा पशुपंन्छि मत्स्य जन्यउत्पादन एवं उत्पादकत्व बढाउने।

२. व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँगप्रतिस्पर्धात्मक बनाउने।

३. प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने।

**नीतिहरू :**

प्रस्तुत उद्देश्य प्राप्तिका लागि श्रोत साधनमा पहुँच भएका र साधन, अवसरमा तुलनात्मकरुपमा न्यून पहुँच भएका दुवै प्रकारका कृषकहरू, कृषि व्यवसायीहरुको आवश्यकतालाई समेटने गरी निम्न नीतिहरूअवलम्बन गरिने छन्।

**कृषि/पशुपंन्छि मत्स्य उत्पादन एवं उत्पादकत्व अभिवृद्धि**

१. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषिप्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथैकृषिको व्यवसायीकरण तथा विविधिकरणमा जोड दिई आय आर्जन तथा रोजगारका थप अवसरहरूसृजना गरिने छन्।

२. यस गाउँपालिका अन्तरगतका कृषक समुदायको आर्थिक आर्जनको मुख्यश्रोत नै दुध उत्पादन र तरकारी उत्पादन भएको हुनाले अर्गानिक, शुद्धता र गुणस्तरीय उत्पादनमा जोड दिदै सोही सम्वन्धि कार्यक्रमहरु तर्जुमा गर्ने कार्यक्रमहरु ल्याईने छ ।

३. वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ । पहाडमा भिरालो जमीन व्यवस्थापनको उपयुक्त प्रविधि र तराई तथा समथरउपत्यकामा कृषि भूमि विकासको उपयुक्त प्रविधि प्रयोग गरी जमीनको वैज्ञानिक प्रयोगलाई बढावादिइनेछ ।

४. सिंचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिंचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापकउपयोग गराइने छ ।

५. उत्तर-दक्षिण राजमार्ग तथा सहायक मार्गहरुको आसपासका संभाव्य क्षेत्रहरूमा बढी मोल जानेकृषिवस्तुको पकेट क्षेत्र विकासमा विशेष प्राथमिकता दिइनेछ । विशेष गरी दुर्गम क्षेत्रहरूमा कम तौलतथा बढी मूल्य जाने कृषि वस्तुहरूको उत्पादनमा प्राथमिकता दिइने छ ।

६. रोगमुक्त पशु वाट शुद्ध उत्पादन हुने हुदा पशुपंन्छिहरुमा नियमित निशुल्क खोप कार्यक्रम, प्राथमिक उपचारका साधन तथा औषधिहरु, सामान्य रोग परिक्षणका लागी सेवा केन्द्रको स्तरउन्नती साधन श्रोतको बृद्धि गरिने, वडी दुध दिने ठूलो पशुमा व्याए पछि हुने मिल्कफिवर जस्ता रोगको निशुल्क उपचार, माहारीजन्य रोगहरु वर्डफ्लू, खोरेत, स्वाईन फिवर, पिपिआर, एन्थ्रेक्स, रेविज, गम्वरो, सि आर डी, रानिखेत आदी नियन्त्रण गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।

७. स्थानीय आवश्यकता र प्राथमिकता अनुरुपको कृषि तथा पशुपालनका योजना तर्जुमा, वजेट विनियोजन, कार्यान्वयन र अनुगमनको कार्य स्थानीयतह वाट जिम्मेवार र सक्षम रुपले गराईनेछ ।यसका लागि आवश्यक वजेट व्यवस्था गरिने छ ।

८. एकभन्दा बढी स्थानियतह संम्लग्नभई पशुजन्य उद्योग,कृषिजन्य उद्योगहरु संचालन गरी उत्पादन एवं कृषि व्यावसाय प्रवर्द्धन हुने विश्वानिय आधारहरु निमार्ण भएव्यावसायीकरण र विविधिकरणका आयोजनाहरु दुई भन्दा वडी स्थानिय तह मिलि संचालन गर्ने, तुलनात्मक रुपमा ठूला आयोजनाहरू स्थानीयतहले निमार्ण गर्न नसक्ने हुदा प्रदेश सरकार वा केन्द्र सरकारमा माग गरी केन्द्रिय आयोजनाका रुपमा सञ्चालन गरिने छ ।

९. खाद्य पोषण लगायतका कृषि प्रविधिको स्थलगत प्रसार सेवामा कृषक समूह, व्यवसायीहरु विच व्यक्तीगत प्रसार पद्धतिको माध्यम अपनाइनेछ ।कृषि/वन कलेजहरूबाट पनि आफ्नो प्रभाव क्षेत्रमा समन्वयात्मकरुपमा कृषि प्रविधि प्रसारप्याकेजहरू सञ्चालन गरिनेछ । साथै कृषि प्रसारमा सूचना प्रविधि तथा आम संचार माध्यमको पनिउपयोग गरिनेछ ।

१०. भिन्न स्थानिय तह र भौगोलिक उपक्षेत्रहरूको आधारमा स्थानीय बीउ, बेर्ना, बिरुवा, नश्लहरूको उत्पादनगर्नेहरूको लागि गुणस्तरीय स्रोत सामग्रीहरूको केन्द्र र कृषिवस्तुसंकलन, प्रशोधन, संचय र ढुवानीआदि कार्य गर्ने उद्यमी तथा व्यवसायीहरूको लागि विशेष प्रविधि सेवाको स्रोत केन्द्रका रुपमा राष्ट्रिय स्तरकाकृषि स्रोत केन्द्रहरूको विकास गरी सुदृढ गरिनेछन्। यस्ता स्रोत केन्द्रहरूलाई माटो विश्लेषण, बीउप्रमाणीकरण, बाली संरक्षण तथा पशुरोग निदान र उन्मुलन लगायतका क्षेत्रमा सर्भे रोग सर्भिलेन्स सेवा सञ्चालन,प्रयोगशाला सेवा सञ्चालन एवं उद्यमी, व्यवसायी, सहकारीकर्मी, कृषि प्रसार कार्यकर्ताहरूको क्षमताविकास तालिम समेत दिन सक्ने गरी विकास गरिदै लगिनेछ ।

११. भौगोलिक सम्भाव्यता र तुलनात्मक तथा स्थान विशेषको विशिष्ट लाभ समेतका दृष्टिबाट आवश्यकपर्ने कृषि अनुसन्धान कार्यहरू (खाद्य तथा पोषण प्रविधि, कृषि तथा पशु जन्य उत्पादन दुध, फूल, मासु संकलन, ग्रेडिङ,भण्डारण, प्रशोधन, प्याकिङ्आदि) का लागि निजी क्षेत्र र गैर सरकारी क्षेत्र समेतको सहभागितात्मकतथा प्रतिस्पर्धात्मक कृषि अनुसन्धान तथा विकास प्रणालीको प्रवर्द्धन गरिनेछ । यस्तो प्रणाली सुहाउँदोलगानी व्यवस्था गर्न कृषि अनुसन्धान तथा विकास कोषको अवधारणा अनुरुप अनुसन्धानको संस्थागतउच्च निकायको संरचनालाई सुधार गरी व्यवस्थित गरिनेछ । कृषि अनुसन्धान तथा विकास सम्बद्धअन्तर्राष्ट्रिय संगठनहरूसँगको सहकार्य र प्रविधि तथा विशेषज्ञ आदान-प्रदानलाई प्रोत्साहित गरिनेछ ।

१२. निजी तथा गैरसरकारी क्षेत्रबाट कृषि अनुसन्धान तथा विकासमा गरिने खर्चमा कर प्रयोजनका लागिखर्च लेख्न पाउने सुविधाका साथै अन्य उपयुक्त प्रोत्साहन सम्बन्धी व्यवस्थाहरू गरी निजी तथावैदेशिक क्षेत्रको लगानी आकृष्ट गरिने छ ।

१३. प्रमुख उत्पादन सामग्रीहरु (उन्नत पशुपन्छि नश्ल, माछा भुरा, रासायनिक मल एवं बीउ बिजन आदि)को आयात, उत्पादन तथा मौज्दात स्थितिको नियमित अनुगमन गरी आपूर्ति सुनिश्चित गरिनेछ ।

१३. कृषि उत्पादन तथा व्यवसाय प्रवर्द्धनमा आवश्यक कृषि ऋण प्रवाहलाई उत्पादन तथा व्यवसायकोप्रतिफलसँग आबद्ध गरी सुनिश्चित गरिनेछ ।

१४. अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य दैवी प्रकोपहरूको आँकलन र कृषि राहत परिचालनकालागि सर्भे सर्भिलेन्स प्रणाली स्थापित गरी क्रियाशील राखिनेछ ।

१५. कृषि जनशक्तिको क्षमता अभिवृद्धिका लागी कृषि तथा पशु विज्ञान विश्वविद्यालय, कृषि वन कलेजहरू संग संमन्वय गरी यस क्षेत्रका प्राविधिक कर्मचारीहरुकोक्षमता वृद्धि गर्न अध्ययान अध्यापन गराउने निति लिईनेछ । विश्वविद्यालय/कलेजहरू र कृषि अनुसन्धान केन्द्र, पशु प्रजनन् केन्द्र, राष्ट्रिय कृषि श्रोतकेन्द्र तथा अन्तराष्ट्रिय पशुपन्छि तथा कृषि अनुसन्धान केन्द्रहरूसँग प्रविधि, प्राविधिक र विशेषज्ञ आदान प्रदान गरी सहकार्य गराउने व्यवस्थाबाट कृषि जनशक्तिकोगुणस्तर विकास गरी दक्षता हासिल गराईनेछ । कृषि व्यवसायीकरणका लागि कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सम्बद्धजनशक्ति उत्पादनमा पनि जोड दिइने छ ।

१६. यसरी स्थानीय तहमा कार्यरत प्राविधिक जनशक्तीहरुको क्षमता अभिवृद्धि पस्चात स्थानिय कृषक व्यवसायीहरूको क्षमता सुधारका लागि विभिन्न प्रकारको प्रविधि, नश्ल तथा प्राविधिक ज्ञान विभिन्न कृषक तालिम कार्यक्रम मार्फत दिई कृषक समुदायको आर्थिक समृद्धि गराउन विशेष जोड दिइनेछ ।

१७. कृषि क्षेत्रको योजना तर्जुमा, नीति निर्धारण तथा अनुगमन मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्कसंकलन, विश्लेषण र प्रक्षेपण कार्यलाई सुदृढ गरिने छ । साथै कृषि क्षेत्रको लागि अनुकूल मूल्य तथाव्यापार पद्धति (Terms of Trade)स्थापित गराउन नियमित अनुगमन गरिने छ ।

१८. कृषिका कार्यक्रमहरूको सञ्चालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नता एवं सहभागितालाई५० प्रतिशत पुऱ्याइनेछ । महिला कृषक तालिममा सकभर घुम्ती तालिमको प्रबन्ध मिलाई घर गाउँनजिक पुऱ्याउने प्रबन्ध मिलाईने छ । कार्यक्रममा महिला संलग्नता सम्बद्ध सूचना तथा तथ्यांकहरूकोप्रवाहलाई सुनिश्चित गरिनेछ ।

१९. ०.५ हेक्टर भन्दा कम जमीन हुने कम स्रोत साधन भएका (Resource poor)कृषकहरुको पहिचान रवर्गीकरण गरी तोकिएका सुविधाहरू उपलब्ध गराइने छ ।

**लक्षित वर्गहरूका लागि विशेष सुविधा :**

आधा हेकटरभन्दा कम जमीन भई सिञ्चाई सुविधा न्यून रहेका, दलित, उत्पीडित तथा अन्यसीमान्त कृषक एवं कृषि श्रमिकहरूलाई लक्षित समूहमा वर्गीकरण गरी विशेष सुविधा दिने दृष्टिकोणबाटनिम्न नीतिहरू अवलम्बन गरिनेछन्।

२०. सीप भएका भूमिहिन, सीमान्त एवं साना कृषकहरूलाई भूमिमा पहुँच पुऱ्याउन कायम रहेको कानूनीहदबन्दीको प्रभावकारी कार्यान्वयन, हदबन्दी छुटको प्रभावकारी अनुगमन, प्रगतिशील कर व्यवस्था,खेती भूमिको लागि करार सम्बन्धी कानूनी व्यवस्था जस्ता विभिन्न विकल्पहरूको पहिचान गरीभूमिमा पहुँचका अवसरहरूको सृजना गरिनेछ ।

२१. भूमि बैंकको स्थापना गरी स्थानीय निकायको सहभागितामा कृषि कार्यका लागि जग्गाकिन्ने/बेच्नेहरूलाई खेतीयोग्य जग्गाको उपलब्धता बारे सूचना सेवा र आवश्यक पर्नेलाई ऋणसुविधा उपलब्ध गर्न सहयोग गरिनेछ । यस बैंकबाट लक्षितवर्गहरूलाई कृषि उत्पादनका लागि सहुलियत दरमाभूमि खरिद गर्न विशेष ऋण सुविधा उपलबध गर्न सहयोग पुचाईनेछ ।

२२. करार वा कबुलियत व्यवस्थाबाट खालि खाल्सा जग्गा वा चरन क्षेत्र वा पोखरी वा खोला वा जलाशय वा नदी नालाकाक्षेत्रहरू उपलव्ध गराईपशुपालन, मत्स्य पालन वा कृषि उत्पादन गर्ने समूहमा आबद्ध भई आउने उत्पीडित, दलित तथा अन्यसीमान्त तथा भूमिहिन कृषि श्रमिकहरूको लागि बीउ बिजन प्राविधिक सेवा निःशुल्क उपलब्धगराइनेछ । साथै कृषि विकास बैंक लगायत अन्य वित्तीय संस्थाहरु परिचालन गरी सहुलियत दरमासमूहमा कृषि ऋण उपलब्ध गराउन सिफारिस गरिनेछ ।

२३. सीमान्त जमीन, हैसियत बिग्रिएका वन तथा प्रयोगमा नआएका सार्वजनिक जमीनलाईलक्षितसमुदायमा कबुलियतमा हस्तान्तरण गरी सम्भाव्यता अनुसार वहुवर्षे घाँसखेती, डालेघाँस, चरन/खर्कका रुपमा, कृषि वन,जडिबुटी तथा रेशम एवं अन्य स्थानीय रुख बिरुवा हुने खालका नगदेबाली एवं फलफूल बगैंचा विकासमा उपयोग गराई वन तथा अन्य जमीनको हैसियत सुधारका साथै गरीबीनिवारणमा उपयोग गराई वन तथा अन्य जमीनको हैसियत सुधारका लागि सहयोगपुऱ्याइनेछ ।

२४. दुग्ध जन्य विभिन्न परिकारका उद्योगहरु, पशुपालन फार्म, मासु पसल सुधार, का लागि विभिन्न आधुनिक औजार उपकरणहरु जस्तै चिलिङ्ग भ्याट, मिल्कीङ्ग मेसिन, च्यापकटर, डिप फ्रिज, वडिजो क्यास्टेटर, टिट कटर, डिभिकर, हटएयर ओभन, ह्याचरी मेसिन, जेनेरेटर, वाटरवाथ, प्याकेजिङ्ग मेशिन, वोईलर, मिक्चर ग्लान्डर, सोलर गिजर, टि.एम आर मेसिन, कोल्ड रुम, घास काटने मेसिन आदि,साना किसान चिया उत्पादन तथा प्रसोधन कार्यका लागि चिया टिप्ने मेसिन,रोलर मेसिन, डायर मेसिन आदि, कृषि वालि, साना सिंचाई पूर्वाधारहरू जस्तै ढीकी पम्प, रोअर पम्प, स्प्रिङ्कलर, ड्रीप, पानी संकलन पोखरी(Water Harvest)आदिको निर्माणजडान, पावर टिलर, सिडविन, ईलेक्ट्रिस ऐस्प्र, वाईल एस्प्रे, वोरासिउने मेसिन, प्लाष्टीक टनेल, सुन्य शक्ति पम्प, सर्भेसिस मोटर आदिमा लक्षित फार्म, उद्योग, समुदाय, समूहलाई विशेष सुविधा तथा अनुदानमा दिइनेछ ।

२५. खाद्यान्न न्यून भएका क्षेत्रहरूमा खाद्यान्न उपलब्धता बृद्धि गर्न उत्पादन तथा आय बृद्धिकासम्भाव्यताको उपयोग गराइने छ । साथै अन्यत्रबाट खाद्यान्न आपूर्ति सुनिश्चित गर्नुपर्ने अवस्थामाखाद्यवस्तु ढुवानी, सञ्चय र वितरणमा स्थानीय निकायको सहभागितामा खाद्यान्न सञ्चय एवंपरिचालन सन्जालको विकास गरिनेछ ।

२६. नेपाल सरकारले उपलब्ध गराउने खाद्यवस्तु, ढुवानी, सामग्रीको मूल्य, व्याज आदि सुविधाहरू खाद्यसुरक्षाका दृष्टिबाट जोखिम क्षेत्र र लक्षित समूह पहिचान गरी प्राथमिकता साथ उपलब्ध गराइने छ ।

२७. मौसम तथा अन्य प्रकोपको उतार चढावको अवस्थामा आधा हेक्टरभन्दा कम जमीन भएका रवर्षभरि सिंचाई सुविधा नभएका कृषकहरूको लागि र भूमिहिन तथा अन्य वैकल्पिक आयश्रोतनभएका सीमान्त कृषकहरूको लागि खाद्य तथा पोषण सुरक्षा कवचको (Safety Nets)विकास गर्दैलगिने छ ।

**व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास**

२८. बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरमा पशु जन्य वस्तु, अन्न वालि, तरकारी वालि, फलफूल वालि, नगदे वालि वा अन्य कृषि जन्य वस्तुउत्पादन गर्ने बृहत्उत्पादन क्षेत्र(Large Production Pockets)विकास गरिनेछ । यस्ता पकेट क्षेत्रमा तुलनात्मक लाभ भएका कृषिजन्य वस्तुहरुको उत्पादनमा प्राथमिकता दिइनेछ । यस्ता क्षेत्रमा प्रविधि एवं प्राविधिक सेवा तथा कृषिसडक, ग्रामीण विद्युतीकरण, सिंचाई, कृषिऋण, बजार व्यवस्था जस्ता अन्य सुविधाहरू एकीकृत रुपमापरिचालन गरिनेछ ।

२९. खाद्यान्नको अभाव भएका क्षेत्रमा खाद्यान्न पुऱ्याउन आपूर्ति कार्यक्रम सञ्चालन गरिने पहाडी क्षेत्रआसपासमा त्यस्तो आपूर्ति कार्यक्रम मार्फत बजार मूल्यमा खाद्यान्न खरिद गरी स्थानीय उत्पादनबढाउन प्रोत्साहन गरिने छ ।

३०. सरकारी फार्म/केन्द्रहरूमा उपलब्ध स्रोत साधनलाई निर्धारित उद्देश्यमा असर नपर्ने गरी अधिकतमउपयोग गर्न व्यवसायमूलक कार्यक्रम समेतको दोहोरो मार्ग (Double Track System)व्यवस्थापनप्रणाली अवलम्बन गरिनेछ ।

३१. पशुपंन्छि बीमाको विस्तार गरिनुका साथै उच्च मुल्यका बालीहरुको बीउ र बढी मोल जानेकृषिवस्तुहरूको क्रमिक रुपमा बीमा कार्यक्रम लागु गरिनेछ ।

३२. प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ । प्राङ्गारिक खेती (Organic Farming)लाई प्रोत्साहन गरिने छ ।प्राङ्गारिक खेती विस्तारका लागि भरर्मिङ्ग कम्पोष्ट निमार्ण कार्यको थालनी गरिने छ । यसरी प्राङ्गारिक खेती गरी कृषिवस्तुनिकासीगर्ने उत्पादन क्षेत्रमा उत्पादित कृषि जन्य वस्तुहरूको गुणस्तर प्रमाणिकरणको लागि टेवा पुऱ्याइनेछ ।

३३. हाईब्रिड बीउ, उन्नत नश्लको प्रयोगलाई प्रोत्साहन गरिने उत्पादनमा जोड दिईनेछ र परिवर्तित आनुवंशकीयजीवहरु (Genetically Modified Organism)को प्रयोगलाई नियमन गरिनेछ ।

३४. परम्परागत स्थानीय मौलिक कृषिवस्तु एवं सम्बद्ध प्रविधिहरूको पञ्जीकरण तथा प्रवर्द्धन गरिने छ ।स्वदेशी मूलको विशिष्ट उत्पादन एवं उत्पादन प्रंविधिहरूको पहिचान तथा अधिकार सुरक्षित गरिनेछ ।

३५. कृषि तालिमलाई क्षमता सुधार र व्यवसाय प्रवर्द्धनमुखी तालिममा वर्गीकरण गरिनेछ । क्षमता सुधार तालिमबाट कृषि कार्यकर्ताहरूको क्षमता सुधार तथा कृषकहरूको उत्पादन क्षमता अभिबृद्धि गरिने छ । व्यवसायमुखी तालिमलाई तालिमपछिको व्यवसाय प्याकेजमा आधारित गरी मागप्रधान गराइनेछ ।

३६. शिक्षित बेरोजगार युवाहरूलाई कृषि पेशामा आकृष्ट गर्न कृषि व्यवसाय स्थापना तथा सञ्चालन तालिमको व्यवस्था गरिनेछ ।

३७. उन्नत कृषि श्रोत सामग्रीहरूको (बीउ, बिरुवा, बेर्ना, नश्ल, भुरा आदि) स्थानीय उत्पादन तथा बिक्री वितरण र मलखाद एवं रोग तथा कीटनाशक औषधीहरूको बिक्री वितरणलाई नियमन गरी आपूर्तिमा गुणस्तर कायम गराइनेछ।

कृषिसँग सम्बन्धित निजी क्षेत्रका प्रयोगशाला सेवा तथा गुणस्तरीय उत्पादन प्रशोधन सेवालाई पनि नियमन गरी मान्यता (Accreditation)दिइनेछ ।

३८. गुणस्तरीय कृषि उत्पादन र स्थानीय तथा बाह्य बजारमा विश्वसनीयताको विकास गर्न कृषि र पशुक्वारेन्टाइन संग समन्वाय गरी सेवालाई व्यवस्थित र सुदृढ गरि लागु गर्न प्रोत्साहित गरिनेछ ।

३९. आफ्नो स्थानिय तह भित्र खाद्यवस्तुको गुणस्तर निर्धारण, गुणनियन्त्रण, गुणस्तर प्रमाणीकरण को अवस्था कस्तो रहेकोछ सो को प्रभावकारी वजार अनुगमन नियमन गर्ने कार्यहरुअनिवार्यरुपले गरिनेछ ।

४०. नेपाल पक्ष अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा राष्ट्रिय आवश्यकता अनुसार कृषि पशुपन्छि मत्स्य वस्तुको नियमक सेवालाई अद्यावधिक गर्दै लगिनेछ ।

४१. कृषि उद्यमी ⁄ व्यवसायी एवं प्रगतिशील कृषक तथा सम्बद्ध संघ संस्थाहरूको गुनासा एवं सुझावहरूको विश्लेषण गरी निकास दिन र विश्व व्यापार संगठन, क्षेत्रीय व्यापार संगठन जस्ता बाह्य निकासी बजार सम्बद्ध संगठनहरूसंगका प्रतिबद्धताहरू र आयात प्रतिस्थापन तथा निकासी प्रवर्द्धनमा क्रियाशील रहन कृषि उद्योग व्यवसाय प्रवर्द्धन समितिको प्रभावकारी परिचालन गरी कृषि व्यावसायीकरणलाई टेवा पुर्‍याइनेछ ।

४२. कृषि वस्तुहरूको व्यावसायिक उत्पादन, प्रशोधन र बजार क्षेत्रमा सहकारी एवं निजी क्षेत्रको लगानी आकृष्ट गर्न प्रोत्साहनयुक्त वस्तुगत तथा विषयगत नीतिहरूको विकास गरिनेछ ।

४३. कृषि क्षेत्रमा दिइनुपर्ने प्राथमिकता अनुरुप कृषि अनुसन्धान, कृषि उत्पादन, कृषि प्रशोधन, उद्योगहरू र आन्तरिक तथा बाह्य निकासी बजारको अन्तर्सम्बन्ध स्थापित गर्न र बाह्य लगानी समेत आकृष्ट गर्नका लागि छुट्टै कृषि उद्योग विकास नीति ल्याई कार्यान्वयन गरिनेछ ।

४४. व्यावसायिक कृषि उत्पादनका सम्भाव्य क्षेत्रहरूमा कृषि प्रविधि प्रसार सेवा सशुल्क उपलब्ध गराई निजीक्षेत्र, सहकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई आकर्षित गरिनेछ ।

४६. बजार सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्य निजी एवं सहकारी क्षेत्र तथा स्थानिय तहको आवस्यकता अनुसार साझेदारीमा समेत सञ्चालन गरिनेछ ।

४७. कृषि तथा पशुजन्यवस्तुहरूको व्यवसायिक उत्पादनलाई बजारको अवसरको सुनिश्चितता दिन सम्भाव्य उत्पादन थलो नजिक संकलन केन्द्र र सम्भाव्य घना उपभोक्ता नजिक संगठित बजारको सुनिश्चितता दिनको लागि निजी तथा सहकारी क्षेत्रको लागत सहभागिता र व्यवस्थापनमा रहने गरी सुविधायुक्त कृषि थोकबजार तथा हाटबजारहरूको विकास तथा विस्तारमा टेवा पुर्‍याइनेछ ।

४८. आन्तरिक कृषि उत्पादकहरूलाई समेटेर करार उत्पादन प्रणालीमा आबद्ध गरी बजार अवसर दिने र आयात प्रतिस्थापन गर्ने वा निकासी गर्ने उद्योग व्यवसायीहरूलाई पूँजीगत तथा अन्य प्रोत्साहन⁄ सुविधाहरू कृषि व्यवसाय प्रवर्द्धन समितिको सीफारिशमा उपलब्ध गराइनेछ ।

४९. स्थानीय स–सानो पूँजी र अन्य श्रोतको परिचालन तथा प्रवर्द्धन गरी सहकारीको संस्थागत विकास गर्न संभाव्य कृषक तथा उद्यमीहरूको समूहलाई सहकारीकरण गर्दै लगिनेछ । साथै गाउँ घरका यस्ता सहकारी संस्थाहरूलाई कृषक समूहको उत्पादन सामग्री तथा सेवाहरू उपलब्ध गराउने र उनीहरूका उत्पादनहरूको बजार प्रणालीमा पठाउने स्थानीय केन्द्र (Delivery Point)को रुपमा विकास गरिनेछ ।

**प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग**

५०. कृषि रसायनहरूको प्रयोगबाट माटो तथा जलाशयको अवस्थामा पर्ने नकारात्मक प्रभाव र अन्य वातावरणीय समस्यालाई न्यून गरिनेछ । पशुपंन्छिमा प्रयोग हुने डाईक्लोरोफेनिक, एन्टीवायोटिक औषधी लगायत हर्मोनहरूको प्रयोगमा कमी ल्याइनेछ ।

५२. जैविक विविधता संरक्षणका लागि जीन बैङ्कको व्यवस्था र स्थानीय संरक्षण(In Situ Conservation)लाई प्रोत्साहित गरिनेछ । सम्भावित क्षेत्रमा सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र(Participatory Biodiversity Park)स्थापित गरिने छ ।

५३. हैसियत बिग्रेका वन तथा प्राकृतिक जलाशयको हैसियत सुधार गर्ने गरी जैविक विविधता संरक्षण, सम्वर्द्धन र सदुपयोग तथा कृषि वन प्रणालीको विकास गरिनेछ ।

५४. स्थानीय सहभागिताका आधारमा जलाधार व्यवस्थापन र नदी कटान नियन्त्रण गरी संरक्षणप्रधान कृषि प्रणाली विकास गर्दै, जलवायु परिवर्तनमा प्रत्यक्ष असर गर्ने कार्यहरुलाई निरुत्साहि गर्दै लगीनेछ ।

५५. खेतीयोग्य जग्गाको खण्डीकरण नियन्त्रण र सोबिवेकी भू-व्यवस्थापन (चक्लाबन्दी), माटो कटान तथा ओसारपसार कार्यलाई निरुतसाही गर्ने कार्यक्रमहरु ल्याई त्यस्ता कार्यहरुलाई व्यवस्थित एवं क्रमिकरुपले निषेध गरिदै लगिनेछ ।

५६. आवश्यक कानूनी व्यवस्था समेत गरी भूमिको सहकारी/साझेदारी/समूह व्यवस्थापन प्रणालीको विकास गर्न प्रोत्साहित

गरिनेछ । यस्तो भूमि व्यवस्थापनमा तत्परता देखाउनेलाई प्राथमिकता दिने गरी सम्बद्ध केन्द्रीय तथा स्थानीय विकास आयोजना तथा कार्यक्रमहरूको छनौट तथा कार्यान्वयनको आधार बनाई उत्प्रेरित गरिनेछ ।

५७. कृषि सहकारीमा आधारित कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धन गरि साझा भावना, साझा लगानिको व्यवस्थापनमा जोड दिईनेछ ।

**कार्यान्वयन तथा अनुगमन व्यवस्था**

५८. स्थानीय तहदेखि केन्द्र सरकार सम्मको कृषि क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमासम्बन्धित तहमा ( गाउँ,प्रदेश, केन्द्र) सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरीसहभागितात्मक पद्धतिलाई बढावा दिइनेछ । महिला, दलित एवंपिछडिएको वर्ग सम्बन्धी सूचनातथा तथ्याङ्कहरूलाई पनि सूचना प्रणालीमा ल्याइने छ ।

५९. कृषि सम्बद्ध निकायहरूबीच सहभागितात्मक एवं समन्वयात्मक रुपमा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा अनुगमन गराई यो नीति कार्यान्वयन गराईने छ । स्थानीय तहमा उपाध्यक्षको अध्यक्षतामा अनुगमन समिति रहने र सो समितिलाई पुर्ण जिम्मेवार वनाई योजनाहरुको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा जिम्मेवार बनाइने छ । यस प्रकारको अनुगमनमा तेश्रो पक्षको समेत सहभागीता गराईने छ । अनुगमन तथा मूल्याङ्कन वाट आएका प्राविधिक पृष्ठपोषणलाई आगमी वर्षका कार्यक्रममा समावेश गरी लगीनेछ ।

६०. कृषि पशुपन्छि मत्स्यप्रसार कार्यक्रम कार्यान्वयन सम्वन्धि नीति अनुरुपका कार्यक्रमहरु सम्बद्ध विषयगत शाखाहरुले आ-आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने छन्। यसरी लागु भएका कार्यक्रमहरु वाट समग्र कृषक समुदाय गाउँपालिकाका स्थाई वासिन्दा नागरीकहरुको वार्षिक आर्थिक अवस्थाको सुधार समृद्धिमा आउने परिवर्तका सुचांकाङ्कहरु आर्थिक वर्षको अन्त्य समाप्ती पश्चात समिक्षा गरी आगमीवर्षको सम्बन्धित शाखाको कार्यक्रममा थपघट गरी लागू गरीनेछ। साथै, वस्तुगत तथा विषयगत नीतिहरू निर्माण गर्दा राष्ट्रिय नीतिसँग बाझिने गरी तयार गरीने छैन ।

खण्ड (ख)

कृषि तथा पशुपंन्छि मत्स्यविकास प्रसार कार्यक्रम

विषय प्रवेश :

कृषि प्रसार कृषि विकासको एक विधा हो जसले कृषकलाई नयाँ नयाँ प्रविधिहरू अपनाउनप्रोत्साहन गरी फाईदा लिन सहयोग पुऱ्याउँछ । कृषि प्रसारले आवश्यक सेवा सामग्रीको सदुपयोग गराउनसिकाउने मात्र हैन, कृषकका समस्याहरूको समाधान समेत खोजी कृषक कहाँ पुऱ्याउँछ ।कृषकलाई वास्तविक अर्थमा सहयोग पुऱ्याउन फिल्डमा कामगर्ने प्राविधिकहरूले विशेष किसिमकोव्यवहार गर्न सक्नुपर्दछ । उनीहरू अत्यन्त पारदर्शी, इमान्दार र कर्मठ बन्नुपर्ने रआचरणमा पनि ध्यान दिनुपर्ने हुन्छ । कृषकको पक्षमा आफूलाई प्रस्तुत गर्न सके मात्र कृषक विश्वस्तहुन्छन् र नयाँ प्रविधि स्विकार्दछन्।विभिन्न प्रसारविज्ञहरूले कृषि प्रसारको परिभाषा एवं कार्यहरू आफ्नै ढंगबाट प्रस्तुत गरेकोपाइन्छ, तापनि हाम्रो परिवेशमा प्रसारले मुख्यतया देहाय अनुसार ३ वटा कार्यहरू अँगालीने छ ।

१. शैक्षिक पक्ष यसले सूचना प्रवाह गरी जानकारी दिने, ठीक वेठीक छुट्याउन सक्ने सीप प्रदान गर्ने रसक्षम तुल्याउने ।

२. अवलम्बन पक्ष यसले नयाँ प्रविधि कार्य व्यवहारमा अपनाउन प्रोत्साहित गर्दछ ।

३. समाधान पक्ष यसले कृषकहरूको समस्यासँग परिचित रही विभिन्न निकाय वा व्यक्तिको समन्वयमासमाधान खोजी कृषककहाँ पुऱ्याउँदछ ।हाम्रो विद्यमान कृषि संरचना अनुसार कृषि क्षेत्रमा अनुसन्धान र प्रसार गरी २ वटा वृहत्संभाग(Component)लाई लिने गरिन्छ । यस अर्थमा आर्थिक विकाशका लागि पशु सेवा तथा कृषि विकाशका लागी सम्वन्धित क्षेत्र बाट संम्पादन हुने सम्पूर्ण कार्यहरूले कृषिप्रसारलाई नै इङ्गित गर्दछन्।

अनुसन्धानबाट विकसित जुनसुकै प्रविधि पनि कृषक समक्ष पुऱ्याउने माध्यम पशुपंन्छि विकाश तथा कृषि शाखाको नै हो यसको कार्यान्वयन योग्य (Workable)तुल्याउने हिसाबमा माथि उल्लेखित ३ वटा पक्षलाई समेटी खास गरेर फिल्डमा गरिने कार्यहरूको कार्यान्वयन प्रक्रिया र बजेट खर्च प्रक्रियामा एक रुपता आओस्, कार्यक्रमहरू सुव्यवस्थित एवं कृषकोपयोगी बनून्र वेरुजुको समस्या पनि नरहोस्भन्ने दृष्टिकोणबाट कृषि विकास कार्यक्रम कार्यान्वयन निर्देशिका तयार गरिएको हो र

समयानुसार यसमा परिमार्जन गरी शंसोधन गर्ने,प्रासार कार्यक्रमको आर्थिक नर्म्सलाई क्रमशः परिमाणमा आधारित बनाउदै
परिमार्जित गरि व्यवहारत उपयोगी सिद्ध वनाउदै लैजाने कार्य पनि स्थानिय तह (गाउँपालिका) ले नै गर्दै लैजाने छ ।

**१. कृषि तथा पशुपंन्छि मत्स्य सेवा प्रसार कार्यक्रम :**

कृषि क्षेत्रलाई व्यवासायीकरण गर्न निजि क्षेत्रको ठूलो लगानी आवस्यक पर्ने र निजि क्षेत्रको स्वस्फूर्त लगानी अभिवृद्धि गर्नको लागि राज्य पक्षले अनुकुल वातावरण निमार्ण गर्नु पर्ने विद्यमान नेपालको आजको आवस्यकता भएतापनि कृषि प्रसार पद्धतिमा मुख्यतया कृषकहरूलाई समूहमा संगठितगरिदै आएको छ र उनीहरूको समूहलाई नै कृषि प्रसारको सशक्त माध्यमको रुपमा उपयोग गरि आएकोछ । हाल संचारमा भएको विकाश क्रमले गर्दा समूहगत पद्धति वाहेक व्याक्तीगत प्रसारको पद्धति द्रुत गतिमा प्रभावकारी ढंगले विकाश भई रहेको भएतापनि तथ्य, वस्तुगतरुपमा कृषि क्षेत्रको ज्ञान आर्जन गर्न समुह वा प्रसार कार्यकर्ताको नै जरुरत पर्ने देखिन्छ । यस कारण समूह सम्बन्धी अवधारणाहरू भिन्ना भिन्नै हुन सक्ने भएतापनि यिनीहरूलाई सामान्यतया कुनै खास उद्देश्य हासिल गर्नको लागि कृषि,पशुपालन क्षेत्रको विकास एवं प्रविधि प्रवाह गर्ने एउटा माध्यमको रुपमा लिई रहनु पर्ने आवस्यकता रहि आएकै छ भने कृषकहरूले पनि समन्वयात्मक तथा सहभागिताको आधारमा प्राविधिक एवं अन्य सुविधाहरू प्राप्त गर्ने साधनको रुपमा लिएका छन्। समूह मार्फत उठाईएको आवाजलाई सरकारी निकाय एवं गैर सरकारी संघ संस्थाहरूबाट अनुसन्धान केन्द्र सम्म पुर्याउन सहज र उपयोगी हुने हुदा पनि यसको महत्व रहि आएकोछ । प्रभावशील कृषक समूह ⁄ समितिमा निम्न विशेषता सहित कार्य गर्ने क्षमता रहेको हुनुपर्दछ ।

- नर्दिष्ट उद्देश्य, समान चाहना, समस्या पहिचान गर्न र समाधानको लागि निर्णय गर्ने क्षमता ।
- सबै सदस्यहरूको सक्रिय सहभागिता र भौतिक दूरी एकता तथा अन्य समानता ।
- बलियो र गतिशील नेतृत्व ।
- नियमित एवं कार्यमूलक वैठकहरू ।
- योजनावद्ध तवरले काम गर्ने परिपाटी र आय आर्जनमा बृद्धि ।
- आन्तरिक श्रोत साधनहरूको उपयोगमा जोड ।
- वाह्य श्रोत साधनहरू उपलब्ध गराउन कृयाशील ।

१.१ कृषक समूह ⁄ समिति गठन ⁄ पुनर्गठन ⁄ संचालन

- स्थानिय टोल तथा गाउँका कृषकहरूलाई नयाँ समूहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताहरूले आफ्नो कार्यालयको लक्ष अनुसार लक्षित गाउँको लक्षित स्थानमा कृषक भेला गरी समूहको उपयोगिता समितिको आवस्यकताबारे जानकारी गराउनुपर्दछ ।
- वा स्वस्फूर्त रुपमा गठन भई स्थानिय तह वा वडा कार्यालयमा सम्पर्क राख्न आउने समूहहरूलाई प्राविधिक सहयोग पुऱ्याउनु पर्दछ ।
- नयाँ समूह गठन गर्नुपर्दा स्थानीय जनसमुदायहरूलाई समूहमा आवद्ध हुदा गर्नु पर्ने आचरण समुह लिडरले खेल्नु पर्ने भुमिकाको वारेमा विशेष रुपले जानाकारी गर्ने र कुनै स्थान विशेषमा पहिले देखि रहिरहेका कृषक समूहहरू छन् भने तिनका सदस्यहरु दोहरीन नदिने वापुर्नगठन भई सकेका भए सदस्यमा समावेश गर्नुपर्दछ ।
- शुरुमा प्राविधिकहरूबाट सहयोग र राय सल्लाहका साथ कृषक समूह गठन गर्दा अति आवश्यक रजिष्टर्ड, कपी, कलम, फाइल, कागज जस्ता सामग्रीहरू उपलब्ध गराउनुप्रभावकारी हुन्छ ।
- स्थानियतह विषयगत शाखामा कृषक समूह दर्ता गरी तिनीहरूको अभिलेख राख्ने कार्यलाई नियमित रुप दिनुपर्दछ । यसको लागि कृषक समूहहरूलाई आ-आफ्नो समूहमा विवरण फाराम सहित दर्ता ⁄ नविकरण को लागि प्रोत्साहन उत्प्रेरित गर्नुपर्दछ ।
- प्रत्येक आर्थिक वर्षमा समूह नविकरण भए नभएको समूहको विवरण फेहरिस्त हेरी समुह ⁄ समिति दर्ता कार्याविधि २०७५ अनुसार गर्ने गराउने गर्नु पर्दछ ।

१.२ तालिम कार्यक्रम

परिचय- पशुपालन तथा कृषि व्यवसायीकरणका लागी कृषि प्रविधि हस्तान्तरण एवं विस्तार गर्न तालिमलाई प्रभावकारी माध्यमको रुपमा लिइएको छ । पशुपालन तथा कृषि विकास कार्यक्रममा संलग्न प्राविधिकहरूको कार्य दक्षता वढाउँदै लैजानको साथै कृषकहरूमा अन्तर्निहित ज्ञान सीप अभिबृद्धि गर्नुनै तालिम कार्यक्रमको प्रमुखमहत्व हो। कृषि र पशु विकाश शाखालेमूलतः निम्नानुसार तालिम कार्यक्रमहरूको कार्यान्वयनमा केन्द्रीत रहनु पर्नेछ ।

१.२.१ क्षेत्रीयस्तर कृषक तालिम

स्थानिय तहले संचालन गरे भन्दा लामो अवधि७-४५ दिन सम्म सञ्चालन हुने तथा विषय विशेष तालिमका लागि सम्बन्धित विशेषज्ञाहरु वाट प्रदेश स्तरिय तालिम केन्द्रहरुमा सञ्चालन गरिने क्षेत्रीयस्तर कृषक तालिममा सहभागीहुन पठाउने कार्यक्रम तर्जुमा गरी सोही अनुरुप व्यवस्था मिलाईनेछ ।

**उद्देश्य :**

- कृषकहरूको प्राविधिक ज्ञान र सीप विकास गरी धारणमा परिवर्तन ल्याई उत्पादन/उत्पादकत्व बृद्धि तथा वजार व्यवस्थापन गर्न सक्षम तुल्याउनु।
- ग्रामीण स्वरोजगारका अवसरहरू प्रदान गर्नु।

**कार्यविधि :**

सम्बन्धित प्रदेश तालिम केन्द्रसंग समन्वय गरीअगुवा कृषक, पशुपालक व्यवसायीवा सेवाग्राहिको मागको आधारमा तालिमको अति आवश्यक पर्ने फार्म संचालक/कृषक वा समुहले सिफारिस गरेको व्याक्तिलाई छनौट गरी तालिममा सहभागी हुन पठाउनु पर्दछ ।तालिममा सहभागी हुनपशुपालन वा कृषि फार्म दर्ता गरी संचालनमा आएका व्यावसायीक कृषक उमेरको हिसाबले परिपक्व, कृषि पेशामा संलग्न, आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रहने व्याक्तिर कम्तीमा लेखपढ गर्न सक्ने हुनुपर्दछ ।

१.२.२ गाउँपालिका स्तरिय अगुवा तथा व्यवसायीक कृषक तालिम

पशुपालन तथा कृषि व्यवसायमा संम्लग्न कृषकका लागि विभिन्न विषयमा तालिमहरू गाउँपालिका स्तरमा १-३ दिने अवधिको सञ्चालन गर्न सकिनेछ । यस तालिम२०-२५ जना कृषक सहभागी हुनेछन्। वा कुनै समुदाय वा क्षेत्रका कम्तीमा २० जना कृषकहरु मिलि आवश्यकताको वोध हुने गरी खुलाई तालिमको माग गरेमा शाखाको वजेट परिधि भित्र रहि तालिमको आयोजना गर्न सकिनेछ ।

उद्देश्य- कृषकहरुलाई कुनै पनि प्राविधिक विषयमाज्ञान सीप अभिबृद्धि गर्ने वा जनचेतना अभिबृद्धि गर्ने।

कार्यविधि- तालिममा सहभागी छनौट गर्दापशुपालन वा कृषि व्यवसायमा आवद्ध भई व्यवसायीक रुपले पेशा गरी आएका वा गर्न ईच्छुक कृषकवा समूहमा योगदान पुऱ्याएका आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही गाउँको कृषि विकासमा केही गरौं भन्ने भावना भएकाअगुवा कृषकहरु हुनुपर्नेछ । तालिममा महिला कृषक सदस्यहरुको उल्लेख्य सहभागीता हुने गरी छनौट गर्नुपर्नेछ ।साधारणतया स्थानियतहको वार्षिक स्वीकृत कार्यक्रम र वजेट परिधि भित्र रहि यस अन्तरगत गठित कृषक समूहहरुमा समूहको आवस्यकता वा मागको आधारमा १-३ दिने अवधिको तालिम प्रदान गर्न सक्नेछ ।स्थानिय स्तरको तालिम संचालन गर्दा छोटो समयको दिनमा प्रत्येक दिन ३ वटा कक्षा तथा लामो समयको दिनमा ४ वटा विषयकोकक्षा सेढ्यूल निमार्ण गरी तालिमका सहभागी सवैलाई स्टेशनरी साथ उपलव्ध गर्नु पर्दछ ।

१.२.३ विषादी खुद्रा विक्रेता तालिम (जिल्लास्तरीय वा क्षेत्रीय स्तरीय)

जीवनाशक विषादी ऐन, २०४८ र नियमावली, २०५० मा भएको प्रावधान बमोजिम विषादीको विक्री वितरण गर्नको लागि विषादी विक्रेताले अनिवार्य रुपमा विषादी खुद्रा विक्रेता इजाजत पत्र लिनुपर्ने हुन्छ । इजाजत पत्र लिनको लागि सम्बन्धित व्यक्तिले विषादीको सुरक्षित भण्डारण तथा प्रयोग सम्बन्धी तालिम लिई त्यस पश्चात् लिइने परीक्षामा उत्तीर्ण हुनुपर्दछ । सोही प्रयोजनको लागि जिल्लामा विषादी खुद्रा विक्रेता तालिम सञ्चालन गरिन्छ ।

उद्देश्य :

- कृषक समुदाय तथा विषादी खुद्रा विक्रेताहरूलाई विषादीको सुरक्षित भण्डारण तथा नियन्त्रित प्रयोग गर्न प्रोत्साहन गर्ने।
- इच्छुक विषादी खुद्रा विक्रेताहरूलाई विषादी खुद्रा विक्रेता इजाजत पत्र लिनुपूर्व तत् सम्बन्धीआवश्यक ज्ञान तथा सीप प्रदान गर्नु।

कार्यविधि- गाउँपालिका अन्तरगत विषादी पसल सञ्चालन गरिरहेका वा विषादी पसल खोल्न इच्छुक विषादी विक्रेता/ व्यक्तिहरूबाट आवश्यक संख्यामा आवेदन प्राप्त भैसकेपछि कृषि ज्ञान केन्द्रले तालिम मिति निर्धारण गरी सम्बन्धित विक्रेताहरूलाई सहभागी हुन जानकारी गराई स्वीकृत नर्म्स बमोजिम तालिम आयोजना गर्नु/गराउनुपर्दछ। वा आवस्यक संख्यामा सहभागीहरु, आवस्यक मात्रमा वजेट तथा जनसक्ती भएमा गाउँपालिका आफैले तालिमको आयोजना गर्न सक्नेछ। यसको जानकारी विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखामा पठाई प्रश्नपत्र माग गर्नुपर्दछ। तिन दिन दिन सम्म सञ्चालन हुने यो तालिममा विषादीको सुरक्षित भण्डारण तथा प्रयोग सम्बन्धी कक्षाहरू तालिम निर्देशनालयले निर्दिष्ठ गरेको पाठ्यक्रम अनुसार तपशिलका विषयहरुलाई समेटीसञ्चालन गर्नुपर्नेछ।
विषादी विक्रेता तालिममा समावेश गरिने मुख्य मुख्य विषयहरू

- जीवनाशक विषादी ऐन २०४८ र नियमावली २०५० बारे जानकारी।
- विषादी खुद्रा विक्रेता इजाजत पत्र उपलब्ध गराउने विधि बारे जानकारी।
- जीवनाशक विषादी र तिनको प्रकार।
- नेपालमा चलन चल्तिमा रहेका विषादीको वर्गीकरण।
- विषादीको सूचीकरण।

जीवनाशक विषादी र तिनको विषालुपना।

- विषादी र वातावरण।
- विषादीको सुरक्षित प्रयोग, ढुवानी र भण्डारण।
- विषादी जन्य दुर्घटनाहरू र तिनबाट वच्ने उपायहरू।
- विषादीको सूचक पत्र तिनको अध्ययन गर्ने तरिका।
- विषादी प्रयोग गर्दा प्रयोग गरिने सुरक्षित पहिरनहरू।
- विषादीको दुरुपयोगका कारण र तिनका समाधानका उपायहरु।
- रासायनिक विषादी प्रयोग न्यूनीकरण गर्ने विधि
- एकीकृत शत्रुजीव व्यवस्थापन
- वनस्पतीजन्य विषादी
- बायो पेष्टिसाइड (Bio-pesticide)

विषादीको प्रयोग सम्बन्धी सामाग्रीहरुको उचित सदुपयोग (Handling)तालिम सञ्चालन कृषि ज्ञान केन्द्रका वा.सं.अधिकृत र अन्य विषय विशेषज्ञहरूले गर्ने वाजिल्लामा श्रोत व्यक्ति नभएको अवस्थामा क्षेत्रीय बाली संरक्षण प्रयोगशाला तथा विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाबाट श्रोत व्यक्ति माग गर्नुपर्दछ। तालिम पश्चात्परीक्षा सञ्चालन गरी सो को उत्तरपुस्तिका विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखामै पठाउनुपर्नेछ। Result Sheetप्राप्त भएपछि जिल्लामा कार्यरत बाली संरक्षण अधिकृत वा गाउँपालिकाका वालि संरक्षण अधिकृतले इजाजतपत्र लिन इच्छुक उत्तीर्ण विषादी विक्रेताहरूबाट आवेदन लिई विक्री कक्ष समेत निरीक्षण गरी विषादी खुद्रा विक्रेता इजाजत पत्रको लागि कार्यवाही अघि वढाउनुपर्नेछ।

### १.२.४ आई पि एम पाठशाला शिक्षा

परिचय- पशुपालन तथा कृषि व्यवसायमा संम्लग्न कृषकका लागि आई पि एम पाठसालाहरू गाउँपालिका स्तरमा १६हप्ता अवधिको सञ्चालन गर्न सकिनेछ। यस पाठसालामा २०-२५ जना कृषक सहभागी हुने छन्। वा कुनै समुदाय वा क्षेत्रका कम्तीमा २० जना कृषकहरु मिलि आई पि एम पाठसाला आवश्यकताको वोध हुने गरी खुलाई आई पि एम पाठशालाको माग गरेमा शाखाको वजेट परिधि भित्र रहि तालिमको आयोजना गर्न सकिनेछ।
उद्देश्य- कृषकहरुलाई एकिकृत शत्रुजीवको व्यावस्थापन गर्न प्राविधिक ज्ञान सीप अभिबृद्धि गर्ने वा कृषकलाई फाईदा हुने किसिमका वालि संरक्षक विधिको विकाश गर्ने।
कार्यविधि- आई पि एम पाठसालामा सहभागी छनौट गर्दा पशुपालन वा कृषि व्यवसायमा आवद्ध भई व्यवसायीक रुपले पेशा गरी आएका वा गर्न ईच्छुक कृषक समूहलाईछनौट गर्नु पर्दछ। आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही गाउँको कृषि विकासमा केही गरौं भन्ने भावना भएका अगुवा कृषकहरु हुनु पर्नेछ। आई पि एम पाठसाला १६ हप्ता सम्म संचालन हुने हुदा लेखपढ गर्न सक्ने परिपक्का महिला,पुरुष कृषक सदस्यहरुलाई यस पाठसालामा सहभागीता हुन छनौट

गर्नु पर्नेछ । साधारणतया स्थानियतहको वार्षिक स्वीकृत वजेट कार्यक्रम र परिधि भित्र रहि यस आई पि एम पाठसालामा संचालन गर्न सक्नेछ । आई पि एम पाठसालामा संचालन गर्दा छोटो समयको दिनमा प्रत्येक दिन ३ वटा कक्षा र लामो समयको दिनमा ४ वटा विषयकोकक्षा सेढुल निमार्ण गरी प्रत्येक हप्ता प्रयोगात्मक कक्षा सहित पाठसालासंचालन गर्नु पर्दछ । प्रशिक्षक पारिश्रमीक सहभागीलाई स्टेशनरी,खाजा लगायत अन्य प्रशिक्षण सामाग्री तालिम कार्यविधिमा उल्लेख भए वमोजिम गर्नु पर्नेछ।

कुनै पनि कृषक तालिम वा पाठसाला संचालन गर्दासंयोजक प्राविधिकले निम्नानुसार कार्यको तयारी गर्नु पर्नेछ ।

क) सहभागी हुने कृषकहरूलाई आई पि एम पाठसालाको जानकारी गराई सहभागी हुन बोलाउने ।

ख) शैक्षिक सामग्रीहरू (श्रव्य-दृश्य सामग्रीहरू) को व्यवस्था मिलाउने ।

ग) पाठसाला कार्यक्रममा अत्यन्तै प्रयोगात्मक शिप सिकाउनु पर्ने भएको हुदा पालिका भित्र फिल्ड भ्रमण, फिल्ड प्रशिक्षण,फिल्ड अध्ययन गरउनु पर्ने भएकोले सोको व्यवस्था गर्ने । गाउँपालिका वा सेवा केन्द्र भित्र संम्भव नभए सम्बन्धितसंस्थाहरू संग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

१.३.१ गोष्ठी कार्यक्रम

१.३.१.१ गाउँपालिका स्तरीय कार्यक्रम तर्जुमा गोष्ठी

परिचय- कृषक सहभागितामा समस्या पहिचान गरी प्राप्त प्राथमिकताको आधारमा निर्क्यौल गरिएका विभिन्न क्षेत्रका कार्यक्रमहरूलाई आयोजनागत रुपमा गाउँपालिका स्तरीय कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा विचार विमर्श गर्न वा प्राथमिक्तानिर्धारण गर्न सञ्चालन गरिन्छ ।

उद्देश्य :

- गाउँपालिका स्तरीय प्रभावकारी योजना निर्माण गर्न सरोकारवालाहरूलाई छलफलमा सहभागी गराउनु
- सेवाग्राहिहरुको आवस्यकता पहिचान तथा माग लाई संकलन गरी कार्यक्रममा समावेश गर्नु ।

कार्यविधि- हरेक आ.व.मासवै क्षेत्रका सहभागीहरुको प्रतिनिधित्व हुने गरी फार्म व्यावसायी अगुवा कृषक सकुह लिडर वा प्रतिनिधिहरुको सहभागी गराई शाखा प्रमुखले गोष्ठी सञ्चालन गर्नेछ । वजेट र कार्यक्रम तर्जुमा गर्दा सवै क्षेत्र, पक्ष, कृषि व्यावसायीहरु, कृषक समुहहरुका आवस्यकता, चाहाना समस्यलाई पहिचान गरी गोष्ठीबाट प्राप्त भएको निचोडलाई आगमि आ.व.को कार्यक्रम तथा वजेटमा समावेश गरी शाखाले कार्यक्रम तर्जुमा गर्नु पर्नेछ । उक्त गोष्ठी कार्यक्रमको प्रतिवेदन तयारगरी संम्वन्धित निकायामा पेश गर्नु पर्नेछ ।

अवधि : सामान्य तय एक देखि दुई दिन सम्मको हुनेछ ।

१.३.१.२ गाउँपालिका स्तरीय अन्य गोष्ठी :

पशुपंन्छि तथा कृषि शाखाका कार्यक्रमहरू वास्तवमा सबै कृषकको लागि नै हुन्छन्। त्यस्ता कार्यक्रमहरूमा कृषकको पृष्ठपोषण (Feedback)अनिवार्य हुन्छ । यसमा पशुपंन्छि तथा कृषि विकासको क्रममा कृषकहरूलाई एकिकृत गरी पशुपंन्छि तथा कृषि कार्यक्रमका सहभागी गराउन, विविध विषयहरूमा छलफल गराई जानाकारी दिन अतिनै आवस्यकछ । अत् समय सापेक्षित रुपमा कृषि र पशु पालन संग सधै जोडीएर रहने प्राविधिक विषयहरु वर्ड फ्लू ,स्वाईन फ्लू, टि.पि.यस.प्रविधि, सफा दुध उत्पादन, एक गाउँ एक उत्पादन, भर्मिमिङ्ग मल, यस.आई.आरप्रविधि, जोनोटीक रोग, Waiting Period of Insecticide, आदि अन्य उन्नत प्रविधिहरु समेतको वारेमा तल्लो तह सम्म जनचेतना फैलाउन वा स्मरण गराउन यस प्रकारका गाष्ठीको आयोजना गरिनेछ ।

उद्देश्य- कार्यक्रम निर्माण देखि कार्यान्वयन पस्चात उपलब्धी मूल्यांकन आदिमा गाउँपालिका भित्रका कृषकहरूसंग औपचारिक एवं अनौपचारिक रुपमा छलफलहरू गर्ने अवसर प्रदान गर्नु/गराउनु जनचेतना फैलाउनु।

कार्यविधि :सरोकारवालाहरुको पहिचान गरि छनौंट गर्ने ।सहभागी कृषकहरूलाई गोष्ठीको तिथि मिति निर्धारण भए पछि सूचित गर्ने ।सकेसम्म सहभागीहरूलाई वढी भन्दा वढी विषय भित्र छलफलमा भाग लिने वातावरण वनाईउनीहरूबाटै अन्तिम निषकर्ष निकालिटिपोट गर्नु पर्दछ ।उक्त गोष्ठी कार्यक्रमको प्रतिवेदन तयारगरी संम्वन्धित निकायामा पेश गर्नु पर्नेछ

अवधि : सामान्य तय एक देखि दुई दिन सम्मको हुनेछ ।

१.३.१.३वडा स्तरीय गोष्ठी :

आवश्यकतानुसार कृषकहरूलाई वडामा भेला गराई कुनै खास पशु रोग, माहामारी जन्य रोग, नयाँ बाली,कुनै नयाँ किसिमको विशेष रोग अथवा समस्यावा प्रविधिको वारेमा विशेष विषयलाई लिएर छलफल गरी समाधान खोज्न गरिने

अन्तरक्रिया नै गोष्ठी हो। औपचारिक एवं अनौपचारिक दुवै किसिमको छलफलको लागि यस्ता गोष्ठीहरू सञ्चालन गरिन्छ।

उद्देश्यः-यस्ता किसिमका गोष्ठीहरु ग्रामिण भेगका समुह, समिति, किसान, व्यवसायीहरु, फिल्ड स्तरमा प्रसार कार्यकर्ताको रुपमा रहेका आफ्नो फिल्ड वा वडाका प्राविधिकहरु लाई नयाँ विषयको जानाकारी गराउने।

शाखाको कार्यक्रमहरुको वारेमा जानाकारी दिन कार्यक्रमहरु लागु गर्न तथा समस्या समाधान गर्न सघाउ पुऱ्याउने।

कार्यविधिः

- सर्वप्रथम के विषयमा कस्ता कृषकहरू वा प्राविधिकहरु समावेश गरी छलफल गर्ने हो सो को तयारी अग्रीम रुपमा गरिनुपर्दछ ।
- सरोकारवालाहरु सबैलाई अग्रीम सूचना दिनुपर्दछ ।
- २०-२५ जना कृषकहरू वा प्रसार कार्यकर्ता प्राविधिकहरु सहभागी गराई यस्तो गोष्ठीको आयोजना गरी छलफलमा अभिप्रेरित गर्दै सबैको सहभागिता जुटाउनुपर्दछ ।
- अन्त्यमा केही निष्कर्ष निकाली सोही अनुसार आगामी कार्यक्रम तय गर्नुपर्दछ । उक्त गाष्ठी कार्यक्रमको प्रतिवेदन तयारगरी  संम्वन्धित निकायामा पेश गर्नु पर्नेछ ।

अवधि : सामान्य तय एक देखि दुई दिन सम्मको हुनेछ ।

१.३.१.४ कृषक समस्या पहिचान तथा समस्या समाधान गोष्ठी (PCPS):

कृषकका समस्याहरू पहिचान गरी ती समस्याहरू समाधान गर्ने गरी कृषि विकास कार्यक्रम तर्जुमा गर्न सके त्यस्ता कार्यक्रमहरू साच्चै नै प्रभावकारी हुन्छन्। कृषकहरूको निकटतम सहभागितामा समस्या पहिचान गर्ने विभिन्न तरीकाहरू जस्तै PRA, RRA, PCPS, FNAप्रचलनमा आएका छन्। यस्ता विधिहरू मध्ये कृषक समस्या पहिचान र समाधान विधि प्रयोग गर्न सरल देखिएकोले कृषि विकास कार्यक्रममा यो विधि प्रयोग गरी कृषक सहभागितामा समस्या पहिचान र समाधानको लागि कार्यक्रम तर्जुमा गर्ने गरिन्छ ।

उद्देश्यः

- कृषकहरूको भेला वा भैरहेका समूह सदस्यहरूको वैठकमा कृषिका विद्यमान समस्याहरू पहिचान गर्ने।
- एक्ला एक्लै कृषकहरूको विचार र निर्णय भन्दा सबैको विचार निर्क्यौल गरी पहिचान गरिएको समस्या वास्तविक हुन्छ भन्ने भावना जगाउदै समूहका अनुभव आदान प्रदान गर्दै नयाँ खोज र विचार तर्फउनीहरूलाई उत्प्रेरणा गर्ने।
- भिन्न भिन्न समस्याहरू माथि छलफल गरी समान मन्जुरीमा पुग्न सघाउदै त्यस्ता मन्जुरीबाट समस्या समाधानका उपायहरू पहिल्याउने।
- कृषक केन्द्रीत वा गाउँमुखी वातावरणको श्रृजना गर्ने ।

कार्यविधि :

- समस्या संकलन र समस्या समाधान गोष्ठी सञ्चालन गर्न वैठकको मिति एवं गाउँ निश्चित भएपछि सहभागी हुने संख्याको आधारमा निम्न लिखित सामग्रीहरू संकलन गर्नुपर्दछ ।
- कागज (सेतो फुल्स्केप), पेन्सिल, कागजका ठूला पानाहरू (करीव ५०-१०० से.मी.), विभिन्न रंगका चिनो लगाउने कलमहरू, सेलोटेप, धागो, पिन र थम्पिनहरू ।करीव १५-२० मिनेटसम्म प्रत्येक सदस्यहरूलाई आफूले भोगेका समस्या ख्याल गर्न उत्प्रेरित गर्दै समस्या पहिचान शुरु गर्नुपर्दछ ।
- आ-आफ्नो पहिचान भएका समस्याहरूको सूची तयार गरी त्यसै अनुरुप छलफल गर्न विभिन्न उप समूहमा विभाजित गर्नुपर्दछ । सहभागीहरूलाई आ-आफ्नो विचार व्यक्त गर्न र उप समूहको छलफलमा ज्ञान एवं अनुभव प्रदान गर्ने समान अवसर दिईनुपर्दछ ।
- समस्या पहिचानको दौरानमा कृषि प्रसार कार्यकर्ताले उप समूहहरूलाई उनीहरूको वास्तविक काम के हो भन्ने स्पष्ट गर्नुमा मात्र सीमित रही माग भएको अवस्थामा मात्र सहयोग पुऱ्याउनुपर्दछ । यदि केही समूह सदस्यहरू निरक्षर छन् भने लेखपढमा सहयोग पुऱ्याउन लेखपढ गर्न जान्ने (स्कूलका केटाकेटी) सहयोगीको प्रवन्ध मिलाई उनीहरूको विचार टिपोट गरि दिनुपर्छ ।
- सबै उप समूहहरू संगै वसेर प्रत्येक उप समूहले पहिल्याएका समस्याहरू संगसंगै राखी त्यस्ता समस्याहरूको पूर्ण सूची तयार गर्ने ।

- त्यसपछि उप समूहहरू छुट्टा छुट्टै बसेर अन्तिम समस्या सूचीका समस्याहरू वर्गीकरण (Ranking) गर्ने । यसरी Ranking गर्दा गम्भीर समस्यालाई ठूलो अंक (नम्बर) दिएर क्रमशः घटाउँदै आउनुपर्दछ । (जस्तै ५, ४, ३, २, १) ।
- उप समूहहरू पुनः संरचना गरी छुट्टै वैठक गर्ने । समूहबाट पारित समस्याहरू मध्येबाट माथिल्ला देखि ३० प्रतिशत समस्याहरूलाई प्राथमिकताको आधारमा छुट्याउनुपर्दछ । उप समूहहरूद्वारा छट्याईएको श्रेणी अभिलेखकर्ताले लेखी राख्नुपर्दछ ।
- समूह सहमतिको आधारमा प्राथमिकता प्राप्त समस्याहरूको एउटा अन्तिम सूची तयार गर्नुपर्दछ । सो को अभिलेख वुझाउने मानिस वा अभिलेख कर्ताले राख्नुपर्दछ ।
- कार्यक्रमहरू छुट्याउन तथा आगामी योजना वनाउन समूहको उपयोग गरिन्छ जसको माध्यमबाट छुट्याइएका वा सो मध्येबाट केही समस्याहरूको समाधान गर्न मद्दत मिल्दछ ।
- समूहले कार्यक्रमहरू क्रमबद्ध रुपमा तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।
- यो समस्या संकलन र समस्या समाधानको प्रक्रिया आवश्यकतानुसार निरन्तर रुपमा चलि नै रहनेछ ।र उक्त गाष्ठी कार्यक्रमको प्रतिवेदन तयारगरी संम्वन्धित निकायामा पेश गर्नु पर्नेछ ।

अवधि : सामान्य तय एक देखि दुई दिन सम्मको हुनेछ ।

**द्रष्टव्य : कार्यक्रम संचालन दैनिक खर्च उल्लेखित तालिम तथा गोष्ठी कार्यक्रमहरुगाउँपालिकाको क्षमता विकाश अभिवृद्धि का लागि संचालन गरिने तालिम तथा गोष्ठी (Expenditure Norms For Internal Traninng) नर्म अनुसार संचालन गर्ने ।**

१.४ भ्रमण कार्यक्रम

१.४.१ अन्तर जिल्ला कृषक भ्रमण

परिचय :-"देखेपछि विश्वास वढ्छ" भन्ने वास्तविकताको आधारमा कृषकहरूलाई वरपरका जिल्लाका उत्पादन स्थल, पशुपालन फार्महरू, उद्योगहरु, वगैचाहरु, नर्सरीहरु, ह्याचरीहरु, अनुसन्धान केन्द्रमा भ्रमण गराउँदै आईएको भएतापनि हालको परिप्रेक्ष्यमा यस्तो भ्रमणलाई उन्नत प्रविधि, उन्नत नश्ला, बाली उत्पादन कार्यक्रमसंग आबद्ध गराउनुपर्दछ । यस्तो भ्रमणबाट विभिन्न कृषकहरूले अन्य जिल्लाहरूमा पशुपालन तथाकृषि प्रविधिहरूबारे अवलोकन गरी सिक्ने मौका पाउँदछन्।

उद्देश्य :- कृषकहरूलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्नसघाउ पुऱ्याउनु

कार्यविधि :

- भ्रमणको लागि उत्कृष्ठ उत्पादक कृषक वा व्यावसायीक कृषक वा समुहका अगुवाहरु केही लेखपढ गर्न सक्ने, सिक्न सक्ने र सिकाउने भावना भएका परिपक्का कृषकहरु मध्य वाट छनौट गर्नु पर्दछ ।
- कृषि पेशा वाट समुदायमा आफ्नो छुट्टै पहिचान वनाउन सफल अन्य साना किसानहरुको श्रोत व्याक्ति वन्न सक्ने वा समुदायमा कृषि पेशा वाट रोजगार श्रीजना गर्न सक्ने फार्म संचालक वा व्यवसायी व्याक्तित्वा छनौट गर्नु पर्दछ ।
- भ्रमण कार्यक्रम (अवलोकन स्थल, वस्ने स्थान आदि) अग्रीम रुपमा तयार गरी भ्रमण गरिने स्थल वा लैजाने फार्म, उद्योग, वगैचा, नर्सरी वा अनुसन्धान केन्द्र आदीमा पूर्व अनुमति वा स्वीकृत लिई भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ
- भ्रमणको सुरुमा आचार संहिता निमार्ण गर्ने, परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिने गर्नु पर्दछ ।
- भ्रमणमा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनुपर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ ।
- भ्रमण कार्यक्रममा सहभागीहरु छनौट गर्ने स्थानियतहका वडा कार्यालयहरुलाई समेत सहभागी गराउन सकिने छ ।

भ्रमण अवधि :- ५ देखि ७ दिन (कृषक आफनो वडा बाट भ्रमण शुरु गर्न, गाउँपालिकामा भेला हुन र फर्कने बाटोको म्याद बाहेक)

सहभागी कृषक संख्या:- १५ देखि २० जना

अध्ययान अवलोकन भ्रमण खर्च :

| क.सं. | प्रयोजन | दर रु | | स्पष्टीकरण |
|---|---|---|---|---|
| | | गाउँपालिका भित्र | गाउँपालिका वाहिर | |
| १ | मिनि वस, वस, ट्याक्सी, माईको, जिप आदि | प्रचलित न्यूनतम् वजार दरमा | प्रचलित न्यूनतम् वजार दरमा | |
| २ | संयोजक पारिश्रमिक प्रतिदिन | सवारी साधनको रिजर्भ नभए दैनिक यातायात खर्च र दैनिक खाना खर्च वापत रु ५००। पाउने । | प्रचलित दर अनुसारको दैनिक भ्रमण भत्ता पउने । | |
| ३ | सहयोगी भत्ता प्रतिदिन | सवारी साधनको रिजर्भ नभए दैनिक | प्रचलित दर अनुसारको दैनिक | |

| | | | | |
|---|---|---|---|---|
| | | यातायात खर्च र दैनिक खाना खर्च वापत रु ५००। पाउने । | भ्रमण भत्ता पउने । | |
| ४ | सहभागी भत्ता प्रतिदिन | सवारी साधनको रिजर्भ नभए दैनिक यातायात खर्च र दैनिक खाना खर्च वापत रु ५००। पाउने । | न्यूनतम २ छाक खाना र होटल वास खर्च वा सहायक स्तर कर्मचारीले पाउने दैनिक भ्रमण खर्च जुन कम हुन्छ सो पाउने । | |
| ५ | मसलन्द तथा स्टेशनरी खर्च प्रति व्याक्ति | १००। | २००। | भ्रमण अवधि भर |
| ६ | विविध खर्च प्रति भ्रमण खर्च | २०००। | ६०००। | तुल व्यानर, तस्वीर, टेलिफोन, विभिन्न फार्म, ईन्स्यूचियूट अनुगमन शुल्क आदि |
| ७ | प्रतिवेदन लेखन सम्पादन खर्च | २०००। | २०००। | |

१.४.२अन्तर स्थानियतह कृषक भ्रमण

उद्देश्यः-कृषकहरूलाई जिल्लाभित्रै उत्कृष्ट कृषकको उत्पादन स्थल वा फार्महरू वा समुहहरुमा भ्रमण गराई विभिन्न गतिविधि अवलोकन गर्ने मौका प्रदान गर्नु।

कार्यविधि :-

- भ्रमणको लागि उत्कृष्ठ उत्पादक कृषक वा व्यावसायीक कृषक वा समुहका अगुवाहरु केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका सदस्य कृषकहरु मध्यवाट छनौट गर्नुपर्दछ ।
- भ्रमण कार्यक्रम (अवलोकन स्थल, वस्ने स्थान आदि) अग्रीम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरू तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ ।
- भ्रमणको सुरुमा आचार संहिता निमार्ण गर्ने, परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिने गर्नु पर्दछ । भ्रमणमा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनु पर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ ।
- भ्रमण कार्यक्रममा सहभागीहरु छनौट गर्ने स्थानियतहका वडा कार्यालयहरुलाई समेत सहभागी गराउन सकिने छ ।

अवधि :- २-३ दिन (कृषक आफ्नो वडा बाट भ्रमण शुरु गर्न, गाउँपालिकामा भेला हुन र फर्कन बाटोको म्याद वाहेक)

सहभागी कृषक - २०-२५ जना

अध्ययान अवलोकन भ्रमण खर्च : माथि उल्लेखित भए वमोजिम गर्ने ।

१.४.३ अन्तर समूह, फार्म, कृषक भ्रमण

उद्देश्य :-एउटा समूहका सदस्यहरूलाई जिल्लाभित्रै अरु समूहहरूमा भए गरेका गतिविधिहरूको अवलोकन गराई एक आपसमा सिक्ने मौका प्रदान गर्नु।

जिल्लाका विभिन्न समूहहरू वीच आपसी मित्रता अभिबृद्धि गराउनु।

कार्यविधि :-

- भ्रमणको लागि उत्कृष्ठ उत्पादक कृषक वा व्यावसायीक कृषक वा समुहका अगुवाहरु केही लेन्ख र पढन सक्ने, सिक्न सक्ने र सिकाउने भावना भएका सदस्य कृषकहरु मध्य वाट छनौट गर्नु पर्दछ ।
- कृषि पेशा वाट समुदायमा आफ्नो छुट्टै पहिचान वनाउन सफल अन्य साना किसानहरुको श्रोत व्याक्ति वन्न सक्ने वा समुदायमा कृषि पेशा वाट रोजगार दिईरहेको वा दिन सक्ने व्याक्तित्वा छनौट गर्नु पर्दछ
- भ्रमण कार्यक्रम (अवलोकन स्थल, वस्ने स्थान आदि) अग्रीम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरू तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ ।
- भ्रमणको सुरुमा आचार संहिता निमार्ण गर्ने, परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिने गर्नु पर्दछ । भ्रमणमा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनु पर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ ।
- भ्रमण कार्यक्रममा सहभागीहरु छनौट गर्ने स्थानियतहका वडा कार्यालयहरुलाई समेत सहभागी गराउन सकिने छ ।

अवधि :- १-२ दिन, सहभागी कृषक आफ्नै गाउँपालिका भित्रका उत्कृष्ठ फार्म वा खेति वालिको भ्रमण गर्ने ।

सहभागी कृषक :- २०-२५ जना

अध्ययान अवलोकन भ्रमण खर्च : माथि उल्लेखित भए वमोजिम गर्ने ।

१.५ दिवस कार्यक्रम

१.५.१ विश्व खाद्य दिवस

परिचय :- विश्वका विभिन्न मुलुकहरू खास गरेर विकासोन्मुख राष्ट्रहरूको खाद्य समस्यालाई केन्द्रीत गरी जनसमुदायको ध्यानाकर्षण गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य :-स्थानिय तहका बुद्धिजीवी, विद्यार्थी, कृषक, महिला समुदाय सबैलाई विश्व खाद्य दिवसमा सहभागी गराई खाद्य उत्पादन स्थिती बारे अवगत गराउनुर विश्व खाद्य संगठनको नारालाई व्यापक तुल्याउनु।

कार्यविधि :–सेवाग्राही वा विद्यार्थीहरू वीच निबन्ध प्रतियोगिता गराउनु वा कृषक, महिला तथा बुद्धिजीवीहरूबाट प्रवचन जस्ता कार्यक्रमहरू आयोजना गरी जनसाधारणलाई आकृष्ट गर्नुपर्दछ ।उक्त दिवसको प्रतिवेदनको साथै आफ्नो जिल्ला खाद्यान्नमा आत्मनिर्भर भए नभएको विवरण तथा खाद्य उत्पादन स्थितिको विस्तृत विवरण सहित सम्बन्धित निकायमा प्रतिवेदन पठाउनुपर्दछ । कुनै निवन्ध प्रतियोगीता, वक्तित्वकला वा कुनै प्रतियोता कार्यक्रम संचालन गरेमा उत्कृष्ठताको आधारमा प्रथमलाई २५००। दितिय २०००। तृतियलाई १५००, र सान्त्वोनालाई १०००। दरले कम्तीमा ३ जना सम्मलाई पुरस्कार गर्नसकिनेछ ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :- २०-२५ जना वा आवस्यकता अनुसार ।

१.५.२ विश्वा भेटेरीनरी दिवस :

परिचय :- भेटेरीनरी भनेको हो ? यसको समुदायमा के आवस्यक छ ? यसको परिचय गराउने विश्वका विभिन्न मुलुकहरू खास गरेर विकासोन्मुख राष्ट्रहरूमा भेटेरीनरीको अवस्था कस्तो छ भनि हाम्रो जस्तो गरिवीको रेखामुनि रहेको देशका नागरीकलाई ध्यानाकर्षण गराउनु र महत्व माथि प्रकाश पार्नु यो दिवश मनाईनेछ ।

उद्देश्य :- पालिकाका सवै पेशाकर्मि, बुद्धिजीवी, विद्यार्थी, कृषक, महिला समुदाय सबैलाई दिवसमा सहभागी गराई भेटेरीनरीको गतिविधि, स्थिती बारे अवगत गराउनुर यसले तयगरेको विश्वाव्यापी नारालाई व्यापक तुल्याउनु ।

कार्यविधि :- गाउँपालिकाका सेवाग्राहिहरु सवै पेशाकर्मि, बुद्धिजीवी, अगुवा कृषक, पशुपालन फार्म संचालक, विद्यार्थीहरू वीच अन्तरक्रया, भेटेरीनरी विशेषज्ञाहरु वाट प्रवचन, विद्यार्थिहरु विचमा निबन्ध प्रतियोगिता, कृषक, महिला तथा बुद्धिजीवीहरूबाट प्रवचन (वक्तव्य) जस्ता कार्यक्रमहरू आयोजना गरी जनसाधारणलाई आकृष्ट गर्नुपर्दछ । उक्त दिवसको प्रतिवेदनको साथै आफ्नो स्थानियतहमा भेटेरीनरी गतिविधि, स्थितिको विस्तृत विवरण तयार गर्ने, सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्दछ ।कुनै निवन्ध प्रतियोगीता, वक्तित्वकला वा कुनै प्रतियोता कार्यक्रम संचालन गरेमा उत्कृष्ठताको आधारमा प्रथमलाई २५००। दितिय २०००। तृतियलाई १५००। र सान्त्वोनालाई १०००। दरले कम्तीमा ३ जना सम्मलाई पुरस्कार गर्न सकिनेछ ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :- २०-२५ जना वा आवस्यकता अनुसार ।

१.५.३ विश्व वातावरण दिवस :

परिचय :- विश्वका विभिन्न मुलुकहरू खास गरेर विकासोन्मुख राष्ट्रको वातावरणीय समस्यालाई केन्द्रीत गरी जनसमुदायमा चेतना वढाउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य :-गाउँपालिकाका सेवाग्राहीहरु सवै पेशाकर्मि, बुद्धिजीवी, कृषक, महिला समुदायलाई विश्व वातावरण दिवसमा सहभागी गराई जनसमुदायमा वातावरणीय समस्या अवगत गराउनु।

कार्यविधि :-

- पेशाकर्मि,पत्रकार, बुद्धिजीवी, अगुवा कृषक, पशुपालन फार्म संचालक,विद्यार्थीहरू वीच निबन्ध प्रतियोगिता, विषयविशेषज्ञा बाट प्रवचन कार्यक्रम आदिको आयोजना गरी जनसाधारणलाई वातावरणीय समस्या बारे सचेत गराउनुपर्छ ।
- कुनै निवन्ध प्रतियोगीता, वक्तित्वकला वा कुनै प्रतियोता कार्यक्रम संचालन गरेमा उत्कृष्ठताको आधारमा प्रथमलाई २५००। दितिय २०००। तृतियलाई १५००, र सान्त्वोनालाई १०००। दरले कम्तीमा ३ जना सम्मलाई पुरस्कार गर्न सकिनेछ ।
- उक्त दिवसको प्रतिवेदनको साथ साथै आफ्नो स्थानियतहमा वातावरण संरक्षणको लागि सञ्चालन गरिएको कार्यक्रम विवरण सहित प्रतिवेदन सम्बन्धित स्थानियतह प्रमुख सामु पेश गर्नुपर्दछ ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :- २०-२५ जना वा आवस्यकता अनुसार ।

१.५.४ विश्वा रेविज रोग दिवश :

परिचय :- रेविज भनेको हो ? यसको समुदायमा के असर गर्दछ ? यसको परिचय गराउने विश्वका विभिन्न मुलुकहरू खास गरेर विकासोन्मुख राष्ट्रहरूमा रेविज रोगले मानव समुदायमा पारेको असर कस्तो छ भनि हाम्रो जस्तो गरिवीको रेखामुनि रहेको देशका नागरीकलाई ध्यानाकर्षण गराउनु र यस रोगको वारेमा प्रकाश पार्नु यो दिवश मनाईनेछ ।

उद्देश्य :- पालिकाका सवै सेवाग्राही, पेशाकर्मि, बुद्धिजीवी, विद्यार्थी, कृषक, महिला समुदाय सबैलाई दिवसमा सहभागी गराई रेविज रोगको गतिविधि, स्थिती बारे अवगत गराउनु र यसले तयगरेको विश्वाव्यापी नारालाई व्यापक तुल्याउनु ।

कार्यविधि :-

- गाउँपालिकाका सवै पेशाकर्मि,पत्रकार,बुद्धिजीवी, अगुवा कृषक, पशुपालन फार्म संचालक, विद्यार्थीहरू वीच अन्तरक्रया, भेटेरीनरी विशेषज्ञाहरु वाट प्रवचन, विद्यार्थिहरु विचमा निबन्ध प्रतियोगिता, कृषक, महिला तथा बुद्धिजीवीहरू बाट प्रवचन (वक्तव्य) जस्ता कार्यक्रमहरू आयोजना गरी जनसाधारणलाई आकृष्ट गर्नुपर्दछ ।
- कुनै निवन्ध प्रतियोगीता, वक्तित्वकला वा कुनै प्रतियोता कार्यक्रम संचालन गरेमा उत्कृष्ठताको आधारमा प्रथमलाई २५००। दितिय २०००। तृतियलाई १५००, र सान्त्वोनालाई १०००। दरले कम्तीमा ३ जना सम्मलाई पुरस्कार गर्न सकिनेछ ।
- उक्त दिवसको प्रतिवेदन साथै आफ्नो स्थानियतहमा रेविज रोगको वारेमा वर्तमान गतिविधि स्थितिको विस्तृत विवरण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :- २०-२५ जना वा आवस्यकता अनुसार ।

१.५.५ विश्वा दुध दिवश :

परिचय :- दुध दिवश भनेको हो ? यसको समुदायमा के आवस्यक छ ? यसको परिचय गराउने विश्वका विभिन्न मुलुकहरूखास गरेर विकासोन्मुख राष्ट्रहरूमा दुध उत्पादनको अवस्था कस्तो छ भनि हाम्रो जस्तो गरिवीको रेखामुनि रहेको देशका

नागरीकलाई दुधको महत्व कस्तो छ दुधमा हुने पोषक तत्वको वारेमा ध्यानाकर्षण गराउनु र जानाकारी दिन यो दिवश मनाईनेछ ।

उद्देश्य :-दुग्ध व्यवसायीहरु, दुग्ध सहकारी संस्थाहरु, गाउँपालिकाका सवै पेशाकर्मि, बुद्धिजीवी, विद्यार्थी, कृषक, महिला समुदाय

सबैलाई दिवसमा सहभागी गराई दुधको वारेमा, उत्पादन स्थिती बारेमा अवगत गराउनु र यसले तयगरेको विश्वाव्यापीनारालाई व्यापक तुल्याउनु ।

कार्यविधि :-

- गाउँपालिकाका अर्न्तगतका दुग्ध व्यवसायी, दुग्ध सहकारीहरु, अगुवा कृषक, पशुपालन फार्म संचालक, पत्रकार,पेशाकर्मि, बुद्धिजीवी, विद्यार्थीहरू वीच अन्तरक्रिया, दुग्ध विशेषज्ञाहरु वा भेटेरीयनहरु वाट प्रवचन, विद्यार्थिहरु विचमा निबन्ध प्रतियोगिता, कृषक, महिला तथा बुद्धिजीवीहरू बाट प्रवचन (वक्तव्य) जस्ता कार्यक्रमहरू आयोजना गरी जनसाधारणलाई आकृष्ट गर्नुपर्दछ ।
- कुनै निवन्ध प्रतियोगीता, वक्तित्वकला वा कुनै प्रतियोता कार्यक्रम संचालन गरेमा उत्कृष्ठताको आधारमा प्रथमलाई २५००। दितिय २०००। तृतियलाई १५००, र सान्त्वोनालाई १०००। दरले कम्तीमा ३ जना सम्मलाई पुरस्कार गर्न सकिनेछ ।
- उक्त दिवसको प्रतिवेदनको साथै आफ्नो स्थानियतहमा दुग्ध पदार्थ उत्पादन संकलन गतिविधिको विस्तृत विवरण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :- २०-२५ जना वा आवस्यकता अनुसार ।

१.५.६ स्थानिय तह कृषक दिवस

परिचय :- कृषकहरूलाई कृषि अनुसन्धान क्रियाकलापहरू जानकारी गराउन कृषि फार्म, मत्स्य केन्द्र आदिमा लगी अवलोकन गराउने र संचालित गतिविधी बारे अवगत गराउनुको साथै फार्म, केन्द्रका बैज्ञानिकहरूसंग कृषकको अन्तरक्रिया गराउन यस किमिसको दिवस सञ्चालन गरिन्छ । यो कार्यक्रमलाई कृषि प्रविधि हस्तान्तरण गर्ने क्रममा महत्वपूर्ण मानिएको छ ।

उद्देश्य :- कृषकहरूलाई नयाँ प्रविधि तर्फ आत्मविश्वास जगाउने दृष्टिकोणले कृषक अगुवाको रुपमा रहेका कृषकहरूलाई जुटाई छलफल गर्ने र विभिन्न क्रियाकलापहरु देखाउने अनि यस कार्यक्रमबाट फर्केपछि आफ्नो छरछिमेकीहरूमा सिकेको कुरा प्रसार गर्न उत्प्रेरित गराउने।

कार्यविधि :-

- स्थानियतहका विभिन्न भाग र विषय वस्तुप्रतिनिधित्व हुने गरी पशुपालन फार्म संचालकहरु, अगुवा कृषक वा कृषि पेशामा संम्लग्नकृषि व्यवसायीहरूलाई छनौट गर्नुपर्दछ ।
- कृषकहरूलाई अनुसन्धान फार्महरूमा रहेका उत्कृष्ट नतिजाहरू देखाउनु, वैज्ञानिकसंग अन्तरक्रिया गर्न फार्म केन्द्र र कृषकको फिल्डमा अग्रीम सम्पर्क कायम गरी तिथि मिति यकिन गर्नुपर्दछ ।
- पूर्व निर्धारित फार्म, केन्द्र र फिल्डमा लगी अवलोकन गराउनुपर्दछ । अवलोकन गरी सकेपछि सम्बन्धित बैज्ञानिक वा कृषकसंग अन्तरक्रियात्मक छलफल गराई अवलोकन गरेका कुन कुन प्रविधिहरू उनीहरूले अनुकरण गर्न लायक थियो सो को समीक्षा गर्नुपर्दछ ।
- कुनै निवन्ध प्रतियोगीता, वक्तित्वकला वा कुनै प्रतियोता कार्यक्रम संचालन गरेमा उत्कृष्ठताको आधारमा प्रथमलाई २५००। दितिय २०००। तृतियलाई १५००, र सान्त्वोनालाई १०००। दरले कम्तीमा ३ जना सम्मलाई पुरस्कार गर्न सकिनेछ ।
- आफ्नो स्थानियतह अन्तरगत कृषिको वर्तमान अवस्था तथ्याङक संकलन सम्पादन गरी यसका गतिविधिको विस्तृत विवरण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

  अवधि :- सामान्यतय १ दिने । सहभागी कृषक :- २०-२५ जना वा आवस्यकता अनुसार ।

**द्रष्टव्य : कार्यक्रम संचालन दैनिक खर्च उल्लेखित तालिम तथा गोष्ठी कार्यक्रमहरु गाउँपालिकाको क्षमता विकाश अभिवृद्धि का लागि संचालन गरिने तालिम तथा गोष्ठी (Expenditure Norms For Internal Traninng) नर्म अनुसार संचालन गर्ने ।**

१.६कृषि/पशुपंन्छि व्यवसाय आधुनिकिकरण :

१.६.१ विभिन्न औजार उपकरणहरु (कुट्टि काटने मेसिन च्यापकटर, मिल्कीङ्ग मेसिन, डिप फ्रिज, वडिजो क्यास्टेटर, टिट कटर, डिभिकर, हटएयर ओभन, ह्याचरी मेसिन, जेनेरेटर, वाटरवाथ, प्याकेजिङ्ग मेशिन, वोईलर, मिक्चर ग्लान्डर, मिल्क एनालाईजर, सोलर गिजर, टि.एम आर मेसिन, कोल्ड रुम, घास काटने मेसिन, चिया टिप्ने मेसिन, रोलर मेसिन, डायर मेसिन, साना सिंचाई, ढीकी पम्प, रोअर पम्प, स्प्रिङ्कलर, ड्रीप, पानी संकलन प्लाष्टीक पोखरी (Water Harvest), पावर टिलर, सिडविन, ईलेक्ट्रिस ऐस्प्र, वाईल एस्प्रे, वोरासिउने मेसिन, प्लाष्टीक टनेल, सुन्य शक्ति पम्प, सर्भेसिस मोटर, दुग्ध जन्य व्यवसाय संचालनका अन्य उपकरणहरु) अनुदान वितरण :

परिचय :- पशुपालन तथा कृषि व्यवसायलाई व्यवसायीकरण गर्न अत्यधुनिक साधन औजार उपकरण को आवस्यकता पर्दछ जुन हाम्रा कृषक समुदायको क्षमता हैसियत भन्दा वाहिरको वस्तु हुन आएको छ । त्यसको लागि यस गाउँपलिकाले अधिकतम ७५ प्रतिशत सम्म अनुदान दिई व्यवसाय लाई आधुनिककरण र व्यवसायीकरण गर्न विशेष पहल गर्नेछ ।

उद्देश्य :-निर्वाहमुखी कृषि पेशालाई उन्नत प्रविधि,औजार उपकरण वितरण गरी पशुपालन तथा कृषि व्यवसायलाई आधुनिकिकरण र व्यवसायीकरण गर्ने, नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुऱ्याउने ।

कार्यविधि :

- निर्दिष्ठ कार्यक्रमको लक्ष अनुसार सार्वजानीक सुचना प्रकाशन गरी विषयगत शाखाले सेवाग्राहीहरु वाट प्रस्ताव आवेदनहरु माग गरी तोकिएको समय भित्र आवेदन संकलन गरी उल्लेखित आधारहरुका आधारमा छनौट गर्नेछ ।
- निर्वाहमुखि कृषि पेशालाई व्यवसायीक कृषि पेशामा परिवर्तन गर्न, उत्कृष्ठ उत्पादक कृषक वा व्यावसायीक कृषक वा व्यवसायीक कृषि पेशामा परिवर्तन हुन ईच्छा राख्ने अगुवा कृषकहरु, सिक्न सक्ने र सिकाउने भावना भएका परिपक्का

कृषकहरु मध्य वाट छनौट गर्नु पर्दछ ।

- कृषि पेशा वाट समुदायमा आफ्नो छुट्टै पहिचान वनाउन सफल अन्य साना किसानहरुको श्रोत व्याक्ति वन्न सक्ने वा समुदायमा कृषि पेशा वाट रोजगार श्रीजना गर्न सक्ने फार्म संचालक वा व्यवसायीक व्याक्तित्वाहरु छनौट गर्नु पर्दछ ।
- फार्म वा व्यवसाय दर्ता भई उत्कृष्ठ पशुपालन व्यवसाय गरी आएका, विगत वर्षहरुमा सोहि प्रकृतिको कुनै कार्यक्रम सहयोग नलिएको कृषक सदस्यहरु ।
- माथिका आधारहरुमा मुल्याङ्कन गर्दा उच्चतम् अंक ल्याउन सफल कृषक सदस्यहरुको छनौंट गर्ने ।
- यसरी छनौंटमा पर्न सफल सदस्यहरु मध्य वाट एक जना प्रतिनिधि रहने गरी खरिद समिति वनाई सम्वन्धित शाखाले मिति समय स्थानको निर्धारणगरीगुणस्तरीय सामाग्री प्रचलित वजार मुल्यमा स्वीकृत विनियोजीत कार्यक्रम वजेटको परिधिभित्र रहि खरिद तथा वितरण गर्नेछ ।
- अन्य आवश्यका प्राविधिक प्रकृयागत कार्यहरु विषयगत शाखाले गर्नेछ ।

१.६.२ उन्नत पशु नश्लसुधार, विउ वोका,विर तथा राँगा, साढे,मिनिकिट (मुलविउ)वितरण

परिचय :- पशुपालन तथा कृषि व्यवसायलाई व्यवसायीकरण गर्न अत्यधुनिकीकरणगर्न शुद्ध नश्लको अति नै आवस्यकता पर्दछ जसलाई छथरजोरपाटी गाउँपालिकालेअधिकतम ७५ प्रतिशत सम्म अनुदान दिई व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण

गर्न उन्नत नस्ला, जात वा मिनिकिट वितरण गरी कृषि व्यवसायी, कृषक तथा समुहमा जानाकारी प्रदान गर्न विशेष पहल गर्नेछ ।

उद्देश्य :-नश्ला सुधारका लागि उन्नत जातका साढे रागा वोका विर वितरण गरी पशुपन्छि नश्ल सुधार गरी पशुजन्यउत्पादन वृद्धि गर्ने तथा शुद्ध मुलविउ (मिनिकीट) वितरण गरी कृषि जन्य उत्पादन वृद्धि गर्ने ।

कार्यविधि :

- निर्दिष्ठ कार्यक्रमको लक्ष अनुसार सार्वजानीक सुचना प्रकाशन गरी विषयगत शाखाले सेवाग्राहीहरु वाट प्रस्ताव आवेदनहरु माग गरी तोकिएको समय भित्र आवेदन संकलन गरी उल्लेखित छनौटका आधारमा सवोग्राहिको छनौंट गर्नुपर्नेछ ।
- निर्वाहमुखि कृषि पेशालाई व्यवसायीक कृषि पेशामा परिवर्तन गर्न पशुपालन व्यवसाय दर्ता गरी फार्म संचालनमा रहेको वाउत्कृष्ठ कृषि जन्य सामाग्री उत्पादक कृषक वा व्यावसायीक कृषक वा कृषि पेशालाई व्यवसायीक रुपमापरिवर्तन गर्ने ईच्छा राख्ने अगुवा कृषकहरु, र परिपक्काकृषकहरु मध्य वाट छनौट गर्नु पर्दछ ।
- कृषि पेशा वाट समुदायमा आफ्नो छुट्टै पहिचान वनाउन सफल अन्य साना किसानहरुको श्रोत व्याक्ति वन्न सक्ने वा समुदायमा कृषि पेशा वाट रोजगार श्रीजना गर्न सक्ने फार्म संचालक वा व्यवसायीक व्याक्तित्वाहरु छनौट गर्नु पर्दछ ।
- फार्म वा व्यवसाय दर्ता भई उत्कृष्ठ पशुपालन व्यवसाय गरी आएका, विगत वर्षहरुमा सोहि प्रकृतिको कुनै कार्यक्रम वा सहयोग नलिएको कृषक सदस्यहरु ।
- माथिका आधारहरुमा मुल्याङ्कन गर्दा उच्चतम् अंक ल्याउन सफल उत्कृष्ठ कृषक सदस्यहरुको छनौंट गरिनेछ ।
- पशुपंन्छि मत्स्यको नश्ला शुद्धता कम्तीमा ५०% भएको, कृषि वालि, तरकारी वालि विजवृद्धी भए अनुसन्धान केन्द्रको सिफारी वा मुल विउको (मिनिकिट) हुनु पर्नेछ ।
- पशुपंन्छि, विउ वितरण गर्दा गुणस्तरीय नश्ल, मिल्दो जुल्दो हावापानी, अनुसुचि -२, अनुसारको निरोगीता प्रमाणित, ट्यागीङ्ग भएको स्वास्थ्य पशु खरिद गरी अनुसुचि १, अनुसारको सम्झौता पत्र, कम्तीमा २ वर्ष सम्म साझा स्वामीत्व रहने गरी वितरण गर्ने ।
- सम्पुर्ण आधारहरु वाट छनौंटमा पर्न सफल सदस्यहरु मध्य एक जना प्रतिनिधि रहने गरी खरिद समिति वनाई सम्वन्धित शाखाले मिति समय र स्थाननिर्धारणगरी प्रचलित वजार मुल्यमा स्वीकृत विनियोजीत कार्यक्रमको वजेट परिधिभित्र रहि खरिद तथा वितरण गर्नेछ ।
- अन्य आवश्यक प्राविधिक प्रकृयागत कार्यहरु विषयगत शाखाले गर्नेछ ।

१.७शिविर कार्यक्रम

१.७.१ माटो परिक्षण शिविर संचालन

परिचय :-कृषि व्यवसाय वाट समयाअनुकुल उत्पादन वृद्धि गर्न माटोको परिक्षण तथा गुणस्तर जाँच गर्न अतिनै आवस्यक हुने हुदा समय समयमा कृषकको खेतवारीको माटोको परिक्षण शिविर संचालन गरी माटोको वनोट वारेमा सचेतना वडाउने तथा माटोको अवस्था वारेमा कृषकहरुलाई जनाकारी गराई मलखाद्यको सिफारीस गरिनेछ ।
उद्देश्य :- एकिकृतरुपमा कृषकहरुमो माटोको नमुना परिक्षण गरी माटोमा निहीत पोषक तत्वाहरुको अवस्था पत्तालगाउने र माटोको गुणस्तर सुधार गर्न मलखाद्य सिफारीस गर्ने ।

कार्यविधि :-

- अन्नवालि वा तरकारी वालीका लागी कृषकको खेतवारीमा गई १० देखि १२ स्थानमा चिन्ह लगाउने ।
- उक्तस्थानको झारपात हटाउने ।
- V सेफमा पस्नीको सहायताले ८- १० ईन्च गहिराई सम्मको ३ सेमी मोटो V सेफ नविगारी ८ देखि १० ईन्च गहिराईको माटो निकाली पत्रिका वा नाङ्गलोमा फिजाई छहारीमा राख्ने ।
- १२ स्थानकै माटोको नमुना पर्ने गरी मिसाई जरा ढुङ्गा केलाउने । केलाएको नमुना माटोलाई चार भाग लगाउने ।
- विपरित दिशाको दुई भाग माटो हटाउदै जाने जव सम्म १/२ (आधा) के.जी. सम्म वनाई परिक्षण स्थल पठाउने। पठाउनु पुर्व नमुना माटोमा लेवल वनाई कृषकको नाम ठेगाना मिति लगाउन चाहेको वालि, कुन स्थान, कहाको माटो हो पुर्ण विवरण लेखी पठाउने ।
- यसरी प्राप्त नमुना परिक्षण गर्न आवस्यक विषय विशेषज्ञ वा प्राविधिक, आवस्यक केमिकल रि-एजेन खरिद, ईन्धन, शिविरको पर्चा, पोष्टर, पम्पपील्ट, रेडीयो सुचना आदि वाट प्रसार प्रचार, आवस्यक प्राविधिकहरुको पारिश्रमीक, सहभागीहरुको चिया, नास्ता, स्टेशनरी स्वीकृत कार्यक्रम खर्च वाट गर्ने ।
- यस प्रकारको शिविर कार्यक्रमको प्रतिवेदन शाखाले सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

अवधि :- सामान्यतय १ दिने ।
सहभागी कृषक :-निर्दिष्ठ समयमा दर्ता हुन आएका सवै वा १०० नमुना ।
१.७.२ पशु स्वास्थ्य शिविर
परिचय :-विभिन्न रोगहरुका कारण पशुपंन्छिहरुको मृत्यु हुनाका साथै उनीहरुको उत्पादकत्वमा ह्रास आई पशुपालक कृषक हरुमा ठूलो आर्थिक क्षति व्यहोर्ने अवस्थाको सृजना हुन नदिनका लागी जनचेतना मुलक यस्ता कार्यक्रमहरु आयोजना गरीन्छ ।विभिन्न पशु रोगहरुको निदान, प्रभावकारी उपचार, रोग नियन्त्रण, निशुल्करुपमा किसानका घर दैलोमा वा दैनिक कार्यलयको सेवामा पहुंच कम भएका दुगर्म पिछडीएको क्षेत्रहरुमा यस्ता कार्यक्रमहरुको आयोजना गरिन्छ ।पशु रोगहरुको उपचार र स्वास्थ्य पशुवाट उत्पादित वस्तु मात्र स्वास्थ्य हुन्छ भन्ने जनभावनाको वृद्धि गर्ने वा जनचेतना फैलाउने गरी शिविर कार्यक्रमको आयोजना गरिन्छ ।
उद्देश्य :- घरपालुवा पशुपंन्छिलाई देखा पर्ने रोगव्यधको उपचार गर्ने, कार्यालयको दैनिक सेवामा पहुंच कमभएका क्षेत्रका कृषक सहुदायहरुमा पशु उपचार सेवा दिई जनचेतनाको अभिवृद्धि गर्ने ।
कार्यविधि :-

- गाउँसभा वाट स्विकृत लक्ष अनुरुप शिविर संचालन हुने मिति स्थान समयको रेडीयो, यफएम, पोष्टर पम्पलेट, लिफ्लेट, पोष्टरको माध्यम वाट व्यापक रुपमा प्रचार प्रसार गर्ने ।
- शिविर कार्यक्रम संचालन गर्नु पुर्व पशु सेवा संग सम्वन्धित जिल्ला स्थित कार्यालयहरु, प्रदेश रोग अन्वेशण प्रयोगशालाहरु, जिल्ला स्तरीय दाना उद्योग डिपोहरु, भेटेरिनरी औषधि पसलहरु,औषधि कम्पनिहरु तथा डीपोहरु, दुग्ध सहकारीहरु, गैह्र सरकारी संस्थाहरुलाई पत्रचार तथा आवश्यक सहयोग माग गरी पत्रचार गर्ने ।
- पशु स्वास्थ्य शिविरमा आफ्नो जनशक्ति कम भएमा अन्य स्थानिय तह वा जिल्ला स्थित कार्यालय वा दर्ता भई व्यवसाय संचालन गरी आएका प्रविधिकहरुलाई निमन्त्र गरी तयारी गर्ने ।
- शिविर कार्यक्रममा ठूलोपशु भए १०० भन्दा वडी साना पशु भएमा २०० संख्या वडी लाई सेवा दिने लक्षका साथ तयारी गरी संचालन गर्नु पर्दछ ।
- कार्यक्रममा विषय विशेषज्ञको आवस्यक भएमा पढीमा २ जना सम्म पशु रोग अन्वेशषण प्रयोगशाला वा पशु चिकित्सा परिषदमा दर्ता भएका पशु चिकित्सकलाई सहभागी गराउन सकिनेछ ।

- शिविर कार्यक्रममा आवस्यक सम्पुर्ण औषधि खरिद, ईन्धन, पर्चा, पोष्टर, पम्पलेट, रेडीयो,यफ एम सुचना प्रसारण, आवस्यक प्राविधिक वा विशेषज्ञहरुको पारिश्रमीक, सहभागीहरुको चिया, नास्ता, स्टेशनरी, अनुगमन निरिक्षाण पारिश्रमीक, स्वीकृत कार्यक्रम वजेट वाट गर्ने ।
- यस प्रकारको शिविर कार्यक्रमको प्रतिवेदन शाखाले सम्वन्धित निकायमा लिखित पेश गर्ने ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :-निर्दिष्ठ समयमा दर्ता हुन आएका सवै वा ठूला पशु १०० भन्दा वडी ।

१.७.३ रेविज रोग शिविर

परिचय :- प्राण घातक रेविज रोगका कारण संसारभर प्रतिवर्ष ५५००० र नेपालमा करीव १२५ जनाले हरेक वर्ष ज्यान गुमाउन परिरहेको तथ्याङ्क छ । यस प्रकारका प्राणघातक रोगलाई नियन्त्रण गर्न जनचेतना फैलाउन शिविरको आयोजना गरिन्छ । चेतनाको अभावले धेरैको ज्यान गुमाउनु नपरोस भनि विश्वाव्यापीरुपमा जनचेतनामुलक विविध प्रचारात्मक कार्यक्रमहरु संचालन गरि आएको परिवेशमा नेपालमा समेत रोग नियन्त्रणका लागी रोग लाग्नु पुर्व नै प्रभावकारी रोग नियन्त्रण, निशुल्करुपमा रेविज खोप किसानका घर दैलोमा वा दैनिक कार्यालयको सेवामा पहुंच कम भएका दुगर्म पिछडीएको क्षेत्रहरुमा यस्ता कार्यक्रमहरुको आयोजना गरिन्छ । प्राणघातक रेविज रोगको नियन्त्रण र स्वास्थ्य पशुसमुदायमा भए मानिसहरु पनि स्वास्थ्य रहन सकिन्छ भन्ने जनभावनाको वृद्धि गर्ने वा जनचेतना फैलाउने गरी शिविर कार्यक्रमको आयोजना गरिन्छ ।

उद्देश्य :- घरपालुवा कुकुर विरालाहरुमा देखा पर्ने रेविज रोगको नियन्त्रण्न गर्ने, कार्यालयको दैनिक सेवामा पहुंच कमभएका क्षेत्रका कृषक सहुदायहरुमा रेविज रोग नियन्त्रण सेवा दिई जनचेतनाको अभिवृद्धि गर्ने ।

कार्यविधि :-

- गाउँसभा वाट स्विकृत लक्ष अनुरुप शिविर संचालन हुने मिति स्थान समयको रेडीयो, यफएम, पोष्टर पम्पलेट, लिफ्लेट, पोष्टरको माध्यम वाट व्यापक रुपमा प्रचार प्रसार गर्ने ।
- शिविर कार्यक्रम संचालन गर्नु पुर्व पशु सेवा संग सम्वन्धित जिल्ला स्थित कार्यालयहरु, प्रदेश रोग अन्वेशण प्रयोगशालाहरु, जिल्ला स्तरीय दाना उद्योग डिपोहरु, भेटेरिनरी औषधि पसलहरु, औषधि कम्पनिहरु तथा डीपोहरु, दुग्ध सहकारीहरु, गैह्र सरकारी संस्थाहरुलाई पत्रचार तथा आवश्यक सहयोग माग गरी पत्रचार गर्ने ।
- रेविज रोग शिविरमा आफ्नो जनशक्ति कम भएमा अन्य स्थानिय तह वा जिल्ला स्थित कार्यालय वा दर्ता भई व्यवसाय संचालन गरी आएका प्रविधिकहरुलाई निमन्त्र गरी तयारी गर्ने ।
- शिविर कार्यक्रममा कुकुरकम्तीमा १०० भन्दा वडी लाई सेवा दिने लक्षका साथ तयारी गरी संचालन गर्नु पर्दछ ।
- कार्यक्रममा विषय विशेषज्ञको आवस्यक भएमा पढीमा २ जना सम्म पशु रोग अन्वेशषण प्रयोगशाला वा पशु चिकित्सा परिषदमा दर्ता भएका पशु चिकित्सकलाई सहभागी गराउन सकिनेछ ।
- शिविर कार्यक्रममा आवस्यक सम्पुर्ण खोप कार्ड, कुकुरको वेल्ड, औषधि खरिद, ईन्धन, पर्चा, पोष्टर, पम्पलेट, रेडीयो, एफ एम सुचना प्रसारण, आवस्यक प्राविधिक वा विशेषज्ञहरुको पारिश्रमीक, सहभागीहरुको चिया, नास्ता, स्टेशनरी, अनुगमन निरिक्षाण पारिश्रमीक, स्वीकृत कार्यक्रम वजेट वाट गर्ने ।
- यस प्रकारको शिविर कार्यक्रमको प्रतिवेदन शाखाले सम्वन्धित निकायमा लिखित पेश गर्ने ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :-निर्दिष्ठ समयमा दर्ता हुन आएका सवै वा कुकुर, विराला १०० भन्दा वडी ।

१.७.४ वाझोपन निवारण शिविर

परिचय :- विभिन्न रोगहरुका कारण वाट ठूला पशुहरु वाझो हुने र उत्पादन, उत्पादकत्वमा ह्रास आई पशुपालक कृषकहरुमा ठूलो आर्थिक क्षति व्यहोर्ने अवस्थाको सृजना हुन नदिनका लागी जनचेतना मुलक यस्ता कार्यक्रमहरु आयोजना गरीन्छ ।यस प्रकारको शिविर व्यवसायीकरुपले उन्नत नश्लका गाई भैसीहरु पालन गरी आएको क्षेत्रको पहिचान गरी कार्यक्रम निर्धारण गरिनेछ । उन्नत पशुका विभिन्न पशु रोगहरुको पहिचान, निदान गरी प्रभावकारी उपचार, रोग नियन्त्रण, निशुल्करुपमा किसानका घर दैलोमा वा दैनिक कार्यलयको सेवामा पहुंच कम भएका दुगर्म पिछडीएको क्षेत्रहरुमा यस्ता कार्यक्रमहरुको आयोजना गरिनेछ । उन्नत पशुमा हुने वाझोपनाले पशुपालन व्यवसायमा ठूलो आर्थिक क्षती पुर्याउने हुदा

यस प्रकारका पशु रोगका समस्या समाधान गर्न जनभावनाको चेतना वृद्धि गर्न वा जनचेतना फैलाउने गरी वाझोपन निवारण शिविर कार्यक्रमको आयोजना गरिनेछ ।

उद्देश्य :- व्यवसायीक पशुपालनमा देखा पर्ने वाझोपना रोगको पहिचान गरी उपचार गर्ने, कार्यालयको दैनिक सेवामा पहुंच कमभएका क्षेत्रका व्यवसायीक कृषकसहुदायहरुमा पशु वाझोपन निवारण सेवा दिई जनचेतनाको अभिवृद्धि गर्ने ।

कार्यविधि :-

- गाउँसभा वाट स्विकृत लक्ष अनुरुप शिविर संचालन हुने मिति स्थान समयको रेडीयो, यफएम, पोष्टर पम्पलेट, लिफ्लेट, पोष्टरको माध्यम वाट व्यापक रुपमा प्रचार प्रसार गर्ने ।
- शिविर कार्यक्रम संचालन गर्नु पुर्व पशु सेवा संग सम्वन्धित जिल्ला स्थित कार्यालयहरु, प्रदेश रोग अन्वेशण प्रयोगशालाहरु, जिल्ला स्तरीय दाना उद्योग डिपोहरु, भेटेरिनरी औषधि पसलहरु, औषधि कम्पनिहरु तथा डीपोहरु, दुग्ध सहकारीहरु, गैह् सरकारी संस्थाहरुलाई पत्रचार तथा आवश्यक सहयोग माग गरी पत्रचार गर्ने ।
- पशु स्वास्थ्य शिविरमा आफ्नो जनशक्ति कम भएमा अन्य स्थानिय तह वा जिल्ला स्थित कार्यालय वा दर्ता भई व्यवसाय संचालन गरी आएका प्रविधिकहरुलाई निमन्त्र गरी तयारी गर्ने ।
- शिविर कार्यक्रममा ठूलोपशु भए १०० भन्दा वडी साना पशु भएमा २०० संख्या वडी लाई सेवा दिने लक्षका साथ तयारी गरी संचालन गर्नु पर्दछ ।
- कार्यक्रममा विषय विशेषज्ञको आवस्यक भएमा पढीमा २ जना सम्म पशु रोग अन्वेशषण प्रयोगशाला वा पशु चिकित्सा परिषदमा दर्ता भएका पशु चिकित्सकलाई सहभागी गराउन सकिनेछ ।
- शिविर कार्यक्रममा आवस्यक सम्पुर्ण औषधि खरिद, ईन्धन, पर्चा, पोष्टर, पम्पलेट, रेडीयो, यफ एम सुचना प्रसारण, आवस्यक प्राविधिक वा विशेषज्ञहरुको पारिश्रमीक, सहभागीहरुको चिया, नास्ता, स्टेशनरी, अनुगमन निरिक्षाण पारिश्रमीक, स्वीकृत कार्यक्रम वजेट वाट गर्ने ।
- यस प्रकारको शिविर कार्यक्रमको प्रतिवेदन शाखाले सम्वन्धित निकायमा लिखित पेश गर्ने ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :-निर्दिष्ठ समयमा दर्ता हुन आएका सवै वा ठूला पशु १०० भन्दा वडी ।

१.८कृषि मेला प्रदर्शनी (अन्तर वडा स्तरीय)

“देखेपछि विश्वास वढ्छ” भन्ने वास्तविकताको आधारमा कृषकहरूद्वारा उत्पादित कृषि उपजहरू प्रदर्शनमा राखेर उनीहरू वीच प्रतिस्पर्धा गराई दर्शकहरूले प्रविधि सिकी वढी उत्पादन गर्न सकुन भन्ने ध्येयले यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य :–स्थानीय चाड, पर्व, मेला आदिको अवसरमा कृषि मेला प्रदर्शनी आयोजना गरी उत्पादक कृषकहरूलाई उत्कृष्टताको आधारमा कदर गर्नु।दर्शक कृषकहरूलाई प्रोत्साहित गर्न नयाँ नयाँ उन्नत प्रविधिहरू बारे जानकारी गराउनुको साथै नयाँ प्रविधि अपनाई नसकेका दर्शक कृषकहरूलाई समेत नयाँ तथा उन्नत प्रविधि अपनाउन प्रोत्साहित गर्नु।

कार्यविधि–

- प्रदर्शनी गर्ने तिथि, मिति र स्थान निश्चित गरेपछि व्यापक प्रचार प्रसार गर्नुपर्दछ, जसबाट वहुसंख्यक कृषकहरूलाई अवलोकन गर्ने मौका मिलोस्।
- यस्तै गरी सहभागी कृषक, समूह तथा निकायहरूलाई पनि अग्रीम जानकारी गराई सहमति लिनुपर्दछ ।
- प्रदर्शनी आयोजक समिति गठन गरी विभिन्न कामहरूको जिम्मा दिने काम गर्नुपर्दछ ।
- कृषकका उत्पादन तथा उन्नत उत्पादन सामाग्रीहरू देखाउने प्रदर्शन कक्षहरू कायम गरी व्यवस्थित रुपमा राख्ने प्रवन्ध मिलाउनुपर्दछ ।
- प्रदर्शित उत्पादनहरू वीच प्रतिस्पर्धा गराई मूल्यांकन टोलीले उत्कृष्ट ठहर्‍याएकालाई पुरस्कृत गर्नुपर्दछ ।
- उत्कृष्ठताको आधारमा प्रथमलाई २५००। दितिय २०००। तृतियलाई १५००, र सान्त्वोनालाई १०००। दरले कम्तीमा ३ जना सम्मलाई पुरस्कार गर्ने ।

अवधि :- सामान्यतय १ दिने ।

सहभागी कृषक :- सहभागी हुन आउने सवै ।

१.९प्रभावकारिता अध्ययन

१.९.१ कृषि प्रसार तथा कार्यक्रम प्रभावकारिता अध्ययन,अनुगमन, प्रतिवेदन

परिचय :- कृषि प्रसारमा धेरै प्रकारका शैक्षिक तरिकाहरू प्रयोग गरी कृषकहरूलाई सक्षम वनाईन्छ । विस्तृत रुपमा प्रचलनमा ल्याइएका कृषि प्रसार तरिकाहरूमा प्रदर्शन कार्यक्रमहरू, (मुल विउ, मल, नतिजा, मौरी घार,माछा भुरा, विउ वोका, साढे, रागो विर, उन्नत चल्ला, सामान्य आधुनिक औजार, उपकरण आदि)गोष्ठी, अवलोकन भ्रमण, दिवस, शिविर, कृषक पाठशालाआदि हुन्। कृषिका समस्या पहिचान गरी समाधान गर्ने उद्देश्यले कृषि प्रसार शैक्षिक तरिकाहरू सञ्चालन गर्ने परिपाटी वस्दै आएको छ । प्रत्येक कृषि प्रसार शैक्षिक तरिकाहरू उद्देश्यमूलक हुन्छन्।

उद्देश्य :- कृषि व्यवसायमा सुधार र परिवर्तन ल्याउन, कार्यक्रम सञ्चालन गर्न लिइएको उद्देश्य कत्तिको परिपूर्ति भयो भन्ने पक्षमा अध्ययन गरी कृषि प्रसार पद्धति/तरिकाहरूको कार्यान्वयन प्रक्रियामा सुधार ल्याउनु।

कार्यविधि :-

- कृषि प्रसार कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने कार्यक्रम थालनी भए पश्चात् कतिपय क्षेत्रहरूमा एकै पटक वा वर्षमा धेरै तरिकाहरूवाट प्रभावकारिता अध्ययन गर्ने गरिन्छन। यस कार्यक्रम अन्तरगत कृषि विकास/प्रसार कार्यक्रमले समुदायमा ल्याएको परिवर्त/रुपान्तरण वुझ्न विभिन्न प्रकारका तथ्याङ्क संकलन,विभिन्न सुचाकाङ्कहरु संकलन कार्यक्रम द्धारायसको प्रभावकारिता अध्ययन एवंविश्लेषण गर्नुपर्दछ ।
- प्रत्येक वर्ष एक वा दुईपटक अध्ययन गरी प्रसार कार्यक्रमलाई सुदृढ गर्न सकिनेछ । यसर्थ यस कार्यक्रम अन्तर्गत एक वर्षमा कम्तिमा एक पटक नतिजा वा तरिका प्रदर्शन अर्को वर्षमा उत्पादन प्रदर्शन गर्दै ५ वर्षमा ५ वटा मुख्य मुख्य कृषि प्रसार शैक्षिक तरिकाहरूको प्रभाव अध्ययन गरिनेछ । यस अध्ययनको लागि प्रत्येक स्थानिय तह अन्तर्गत संचालित कार्यक्रमहरू मध्येबाट ५ वटा मुख्य कृषि प्रसार तरिकाहरू छनौट गर्नुउपयुक्त हुनेछ । यस अध्ययनमानिम्न अनुसारका वुंदाहरू समावेश हुनुपर्नेछ ।

-अध्ययन गर्न खोजिएको कृषि प्रसार शैक्षिक तरिका प्रयोगबारे पूर्व पहिचान भएको समस्याको विवरण ।

-उक्त प्रसार तरिका प्रयोग गर्दा लिएका उद्देश्यहरू र सो अनुरुप भए नभएको लेखाजोखा ।

-कार्यक्रम सञ्चालन गर्न अपनाइएको क्रमवद्ध खुड्किलाहरू र प्रयोग भएका सामग्रीहरूको प्रभावकारिता

-समयानुकूल भए भएनन्भन्ने पुनरावलोकन ।

-अन्य कृषिप्रसार तरिकाहरूसंगको समायोजन तथा उत्पादन कार्यक्रमसंग आबद्ध भई त्यसमा पुगेको टेवा (प्रभाव) ।

-कार्यक्रम सञ्चालन गर्न लिइएको उद्देश्य अनुरुप प्रभाव परेको कृषक संख्या/परिवार ।

-आगामी वर्ष सुधार गर्नुपर्ने प्रक्रियाहरू ।

- कार्यकमको अनुगमन, मुल्याङ्कनगाँउपालिका स्तरीय उपाध्यक्षको नेतृत्वमा रहेको अनुगमन समितिले प्रत्यक्ष रुपले गर्नेछ । यसका वाहेक केन्द्र सरकार, प्रदेश सरकार, विषयगत मन्त्रालय, र सम्वन्धित शाखाहरुलेसो को मासिक, चौमासिक, वार्षिक प्रगती प्रतिबेदन सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ ।

२. कार्वाहिको व्यवस्था :

सम्पुर्ण कार्यक्रममा साझेदार कृषक, सहकारी संस्था/फार्म/निजि डेरी/कृषक समुहहरुले सम्झौता अनुसारको कार्यक्रमसम्पन्न नगरी प्राप्तअनुदानलाई दूरुपयोग गरेको पाइएमा प्रचलित ऐन नियम तथा कानुन वमोजिमकारवाही गरी सरकारी रकम बाँकी सरह असुलउपर गरिनेछ ।

३. प्रचलित कानुन लागु हुने :

**"स्थानिय तह कृषि तथा पशुपंन्छि मत्स्य प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५"** कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित नेपाल कानुनमा उल्लेख भएकोमा सोही वमोजिमतथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै निर्देशिका वमोजिम कार्यान्वयन हुनेछ ।

४. खारेजी तथा वचाउ :

४.१ छथरजोरपाटी गाउँपालिका द्धारा **"स्थानिय तह कृषि तथा पशुपंन्छि मत्स्यप्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५"**जारी गरीएको छ ।

४.२**"स्थानिय तह कृषि तथा पशुपंन्छि मत्स्यप्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५"**कृषि तथा पशुपंन्छि विकाश मन्त्रालय मातहल प्रसार संग सम्वन्धि संचालन भई आएका सवै कार्यक्रमहरु यसै वमोजिम भए गरेको मानिने छ ।

५. निर्देशिकासंशोधन तथा परिमार्जन गर्न सक्ने :

५.१.यो निर्देशिकाको कार्यान्वनलाई थप ब्यावस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आबश्यकता अनुसार थपघट,हेरफेर वा संशोधन तथा खारेज गर्न सक्ने छ ।

५.२. यस निर्देशिकाको कार्यान्वनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनकालागी गाउँपालिकाको बैठकले आवश्यकता अनुसार ब्याख्या गर्न सक्ने छ ।

अनुसुचि - १

पशु नश्ला सुधार कार्यक्रम संचालनका लागि गरिने सम्झौता पत्र

छथरजोरपाटी गाउँपालिका ........ शाखाको आ.व.०७../७.. को स्वीकृत पशु नश्ला सुधार कार्यक्रम अन्तर्गत संचालन गरिने ५०% को .......... जातको विउ ............ वितरण गर्न .......... शाखा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा छनौट भएका समुह, समिति, फार्म श्री ........................ ....कृषक समुह का अध्यक्ष/प्रोपाईटर /संचालक/सचिव/ब्रिडर कृषक श्री/सुश्री/श्रीमती ......................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) वीच तपशीलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झैाता/सहमती भएको छ ।

तपशिल :

१) ........ प्रतिशत अनुदानमा प्राप्त विउ............ कम्तीमा २ वर्ष सम्म दई पक्षिय स्वामित्वमा राख्न सहमत छु/छौं ।

२) प्राप्त भएको विउ वोका प्रजनन सेवाका लागी मात्रा समुह मातहत समुदायमा प्रयोग गर्ने छु/छौ ।

३) प्रजनन रेकर्ड दुरुस्त राखी समुहले तोकेको वा सम्वन्धीत निकायामा मासिक रुपमा पेश गर्ने छु/छौ ।

४) बोका सामान्य विरामी परेमा आफै उपचार गर्ने तथा जटील प्रकारको भए नजीकको ......... शाखा वा वडा स्थीत .........उपशाखामा खवर गरी उपचार गराउने छु/छौ ।

५) लापारवाही गरी वोकाको मृत्यु भएमा पालकले आफ्नो घर घरान वाट चलन चल्तीको मोल अनुसार समुहलाई बुझाउने छु/छौ ।

६) बोकालाई काटमार गर्ने छैन । गरेमा नियम अनुसारको कार्यवाहीको भागीदार हुने छु/छौ ।

७) बोकालाई राम्ररी व्यावस्थापन गरी पाल्ने छु/छौ । व्यावस्थापन सन्तोषजनक नभएमा ....... शाखा वा समुहले तोके वमोजीम व्याक्तीलाई दिन मन्जुर छु/छौ ।

८) कथम कदाचित कुनै अपरझट रोग लागी २ वर्ष भित्र...... मरेमा तत्कालै समुह पदाधिकारीहरु तथा ........ शाखा उपशाखामा खवर गरी आवस्यक प्रकृया पुरा गराउने छु/छौ ।

९) विउ ..... सम्वन्धित ....... शाखाले दिने अन्य निर्देशन अनुसार संचालन तथा प्रत्येक २/२ वर्षमा साटा साटा कार्यकममा सहभागी गराउने छु/छौ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोश्रो पक्ष |
| गाउँपालिका/ ............ शाखाको तर्फ वाट सहि गर्ने | संस्था/ब्रिडर कृषकको तर्फ वाट सहि गर्ने |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| | सम्पर्क फोन नं. |
| कार्यालयको छाप : | संस्थाको छाप : |

औठाको छाप :

दायाँ वायाँ

इति सम्वत २०७.. साल चैत्र ... गते रोज .... शुभम् ।

साक्षी :

१) जिल्ला धनकुटा ...... ......... ...न.पा./गा.पा.वडा नं.......वस्ने वर्ष...... को श्री..........................................

अनुसुचि - २

पशु स्वास्थ्य परिक्षण प्रमाण पत्र

पशुधनिको नाम :

ठेगाना :

पेशा : पशुको प्रयोजन :

***Selection of Animal Breed:***

| C.N | Name | Tagge No | Breed | Agge | Hight | Beat of Birth | Dam | | Sire | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | no | breed | no | breed | |
| | | | | | | | | | | | |

***External Surface Anatomy:***

| External Surface of Animal | Weigh | Color | Head | Udder | Testis | Remarks |
|---|---|---|---|---|---|---|
| | | | | | | |

अहिले उक्त पशु स्वास्थ्य, निरोगी अवस्थामा रहेका छन ?

............................... ........................... ..............................................................

उक्त गोठ खोरमा रहेका पशुहरु Tuberculosis,Mastitis, FMD, Brucellosis आदी रोग वाट मुक्त छन ?

......................................... ...................... ............................................................

उक्त पशु रहेको गोठ खोर नजिक Mastitis, FMD, Brucellosisआदी Contagious रोगहरु देखा परेका थियो ?

............................. ............................................. ..................................................

External Parasitको प्रकोप देखा परेको वा संक्रमण भए नभएको कस्तो अवस्थामा रहेका छन ?

......................................... ..................................................................................

Interal, External Parasitविरुद्ध नियमित औषधि खुवाएको वा नखुवाएको विवरण उल्लेख गर्नुहोस ।

..............................................................................................................................

कुनै अन्य प्रकारका रोग लागी विगत एक वर्ष भित्र पशु मरेको भए सोको विवरण

................................................. . ................................................

................................................. ............. ...................................... ................... ...... ..........

.......................... (व्रिडर कृषक, पशुपालन फार्मको नाम ठेगाना) मा भएको संकेल पट्टा नं. .... ..... ... लगाएको

पशु मिति ............................... मा स्वास्थ्य परिक्षण गर्दा तन्दुरुस्त निरोगी रहेको, कुनै सरुवा संक्रमित रोग नलागेको, वाह्य परजिविको प्रकोप मुक्त देखिन आएको व्यहोरा प्रमाणीत गर्दछु ।

<u>प्रमाणित गर्ने</u>

पशु चिकित्सक/प्राविधिकको

सहि :

नाम :

ठेगाना :

शैक्षिक योज्ञाता :

मिति :

प्रमाणित गर्ने

...................

डम्वरु दाहाल

प्रमुख प्रशासकीय अधिकृत

छथरजोरपाटी गाउँपालिका

जोरपाटी, धनकुटा

मिति : २०७५।१०।०८